IMPERIAL Business College
IMPERIAL BUSINESS COLLEGE
Affiliated to Pokhara University
ADMISSION
NOW OPEN
BHCM
Bachelor of Healthcare Management (Hospital Management)
BBA
Bachelor of Business Administration
01-4438293, 01-4419306
Hattisar, Kamaladi, Kathmandu

PRATEEK DAILY

राष्ट्रिय 'क' वर्ग

# प्रतीक

दैनिक

prateekdaily.com

लागूऔषधको सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ। यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपूरणीय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखि टाढा रहने प्रयत्न गरौं।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

❖ वर्ष ३४ ❖ २०७८ वैशाख ०३ गते शुक्रवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2021 April 16 Friday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क २२७

## निर्णय विपरित मुख्य नाका बाहेक सबै नाकामा निर्वाध आवागमन

सुग्रीव साह, भिस्वा, २ वैशाख/

कोभिड सङ्कट व्यवस्थापन समिति पर्साले कोरोना सङ्क्रमण बढेसँगै सीमामा आवतजावत गर्न कडाइ गर्ने निर्णय गरे पनि पर्सा जिल्लाको वीरगंज–रक्सौल



तस्वीरको दृश्य भिस्वा नाकाको हो। प्रहरीले मूल बाटो बन्दै राखे पनि प्रहरी कार्यालयपछाडि चोरबाटोबाट मानिस, सवारीसाधनहरूको निर्बाध आवतजावत जारी छ। चोरबाटो आउनेजानेलाई प्रहरीको छेकबार छैन। तस्वीरः प्रतीक

सीमाबाहेक सबै सीमानाकामा सहज आवतजावत भइरहेको छ।

वीरगंजको शङ्कराचार्य प्रवेशद्वारमा थर्मल गन, एन्टिजेन परीक्षण र यात्रा विवरण टिपोट गरी आवतजावत गर्न दिए पनि अन्यत्र कतै पनि यस प्रकारका कार्य भएको छैन।

पर्सा जिल्लाको वीरगंज महानगरपालिकासँग जोडिएका इनर्वा ( इनर्वा), छिपहरमाई गापाको भिस्वा ( सिकटा), जीराभवानी गापाको महादेवपट्टि (भङ्गाहा), ठोरी गापाको ठोरी ( भिखनाठोरी), निर्मलबस्ती (मानपुर), विजयबस्ती (धुम्बाटाँड, जसौली) सीमा सहदेवा–महदेवा), अलौं (हरैया), श्रीसिया (पन्टोका), विन्ध्यवासिनी गापाको अमरपट्टि (सिसवा–सनौहा), जगरनाथपुर गापाको जानकीटोला (इनर्वा), पाँडेपुर( क्षेत्रमा कुनै प्रकारका स्वास्थ्य मापदण्डको पालना भएको छैन। यी क्षेत्रबाट मानिसहरू पैदल र सवारीसाधनमा निर्बाध आवतजावत गरि रहेका छन्।

## ग्रामीण भेगको समाचारलाई प्राथमिकता दिइने –वक्ताहरू

प्रस, पोखरिया, २ वैशाख/

पोखरिया नगरपालिकाका प्रमुख दीपनारायण रौनियारले ग्रामीण भेगको समाचारलाई प्राथमिकता दिन आग्रह



तस्वीरः प्रतीक

गरेका छन्।

आकाश एफएमले बिहीवार पोखरियामा नेपाल पत्रकार महासङ्घका नवनिर्वाचित पदाधिकारी सदस्यहरूको सम्मानमा आयोजनामा गरेको कार्यक्रममा प्रमुख अतिथि नगरप्रमुख रौनियारले नेपाल पत्रकार महासङ्घ पर्सा शाखाको नेतृत्व ग्रामीण भेगबाट पत्रकारिता शुरू गरेका अनुप तिवारीले लिएको हुँदा उनीलगायतका पत्रकारहरूलाई अबका दिनमा ग्रामीण क्षेत्रका समाचारलाई प्राथमिकता दिन आग्रह गरे। उनले विकास निर्माण र भ्रष्टाचारलगायतका मुद्दाहरूलाई निर्भीकतापूर्वक प्रकाशमा ल्याउन र विकास निर्माणको काममा सुझाव दिन आग्रह गरे।

नेपाल पत्रकार महासङ्घ प्रदेश २ का महासचिव श्याम बन्जाराले आगामी दिनमा पत्रकारितामा शुद्धीकरण गर्ने बताए। उनले ठेकेदारी, व्यापारी पत्रकारितालाई मौलाउन नदिएर शुद्ध पत्रकारितातर्फ अग्रसरता देखाउने प्रतिबद्धता व्यक्त गरे।

नेपाल पत्रकार महासङ्घ पर्सा शाखाका नवनिर्वाचित अध्यक्ष अनुप तिवारीले आफू ग्रामीण क्षेत्रबाट पत्रकारिता गरेर पत्रकार महासङ्घको नेतृत्वमा पुगेको बताउँदै ग्रामीण क्षेत्रका समस्याहरूलाई निरन्तररूपमा उजागर गर्दै जाने बताए।

एफएमका अध्यक्ष लालबाबू बानियाँको अध्यक्षतामा सम्पन्न सम्मान समारोहमा जसपाका केन्द्रीय सदस्य नेजामुद्दीन समानी, रेडक्रस पोखरिया उपशाखाका उपसभापति भगवान कुर्मी, सशस्त्र प्रहरी निरीक्षक प्रमोद राय, पत्रकार महासङ्घ पर्साका उपाध्यक्ष युवराज खड्का, नेपाल प्रेस युनियन पर्साका अध्यक्ष रामनारायण कुर्मीलगायतले मन्तव्य व्यक्त गरेका थिए।

कार्यक्रममा प्रदेश महासचिव बन्जारासहित पर्साका नवनिर्वाचित पदाधिकारी, सदस्य, केन्द्रीय परिषद् सदस्य र प्रदेश परिषद् सदस्यलाई कार्यक्रमका प्रमुख अतिथि नगरप्रमुख रौनियारले सम्मान गरेका थिए।

कार्यक्रममा स्वागत राजू साह र सहजीकरण नरेन्द्र साहले गरेका थिए।

## जीराभवानी गापामा प्रधानमन्त्री रोजगार कार्यक्रम शुरू

प्रस, सेढवा, २ वैशाख/

जीराभवानी गाउँपालिकामा



प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत जीराभवानी गापा–५ हरैयामा बाटो मर्मत गर्दै। तस्वीरः प्रतीक

प्रधानमन्त्री रोजगार कार्यक्रम शुरू भएको छ।

प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत गाउँपालिकाले एक सयजनालाई दैनिक ज्यालादारीमा नियुक्ति दिएको छ। यो जनशक्तिलाई गापामा रहेका बाटोघाटो मर्मतका लागि खटाइएको छ। उनीहरूलाई एक सय दिनसम्म काममा लगाइ प्रतिदिन रु पाँच सयको दरले बैंकमार्फत भुक्तानी दिइने प्रमुख प्रशासकीय अधिकृत प्राण मेहताले बताए।

प्रधानमन्त्री रोजगार कार्यक्रम दुई वर्षअगाडि नै शुरू गर्नुपर्नेमा कर्मचारी अभावका कारण कार्यक्रम सञ्चालनमा आउन नसकेर सो शीर्षकको बजेट फ्रिज हुँदै आएको अधिकृत मेहताले बताए। गापाका पाँचवटै वडामा २०/२० जनाका दरले काममा खटाइएको र उनीहरूको कामको निगरानी वडा कार्यालयले गरिरहेको उनले बताए।

मजदूरहरूलाई सडकमा भएका खाल्डो माटोले भर्न, झारपात उखेल्न, वृक्षारोपण गर्न, नालाको सरसफाइलगायतका जिम्मेवारी दिइएको छ।

मजदूरहरूका लागि पोशाक, टोपी, साबेल, तगार, कोदालो, खुर्पी, हसियालगायतका औजारहरू उपलब्ध गराइएको छ। प्रधानमन्त्री रोजगार कार्यक्रम पर्साका अधिकांश स्थानीय तहमा सञ्चालन गरिएको छैन।

## पिकनिकमा कुटाकुटः एकजना अचेत, तीनजना गम्भीर घाइते

प्रस, निजगढ, २ वैशाख/

नयाँ वर्षको अवसरमा निजगढमा



झगडा गर्ने मुख्य व्यक्ति (पहिचान खुल्न नसकेको) र घाइतेलाई ट्याक्टरमा राखेर उपचारको लागि लैजाँदै। तस्वीरः प्रतीक

पिकनिक खाई घर फर्कने क्रममा बुधवार योजनाबद्ध ढङ्गले आक्रमण भएपछि एकजना अचेत, तीनजना गम्भीर घाइते र सातजनाभन्दा बढी सामान्य घाइते भएका छन्।

घाइते हुनेहरूमा निजगढ नपा–१२ बारथलीका वर्ष ३० का करण गोले अझैसम्म पनि अचेत रहेको आफन्तजनले जनाएका छन्। गम्भीर घाइते हुनेहरूमा सोही ठाउँका वर्ष ३२ का उमेश स्याङतान, वर्ष ३५ का वर्तमान लुङ्वा, वर्ष ४२ का विनोदकुमार लामा, वर्ष ३४ का अर्थमान लुङ्वा, वर्ष ४२ का लालवीर थिङ छन्। उनीहरूको टाउको, पिठ्यूँ र छात्तीमा चोट लागेको जनाइएको छ।

बाराको निजगढ मोहोरी र मकवानपुर बकैया गाउँपालिकास्थित मोहोरी फास्ट ट्र्याक क्षेत्र आसपास हुँदै ट्याक्टर र मोटरसाइकलमा घर फर्कने क्रममा आफूलाई नेपाल आर्मीको जागीरे भन्ने हाल पहिचान खुल्न नसकेको एक व्यक्तिसहित निजगढ नपा–१० लालका भीम बमजन, विष्णु रायमाझी, काले मोक्तान, धनु लोप्चन, बुद्ध घलानसहित २५–३० जनाको समूहले बाँसको फाटाले आक्रमण गर्दा उनीहरू गम्भीर घाइते हुन पुगेका हुन्।

बारथली समूहका महिलासहित स्थानीय पारिवारिक पिकनिक बकैया खोला किनारमा मनाइरहेका बेला मादक पदार्थ सेवन गरी आर्मी रहेको भन्दै निहुँ खोज्ने व्यक्तिसहित ४/५ जनाको एक समूह दिउँसो करीब १:२० बजे आएर डेकको आवाज ठूलो बनाउन, अर्को नै गीत लगाउन जबरजस्ती गरेको र बारथलीका स्थानीयले पिउन राखेको बियरसहितको बोतल आर्मी भन्नेले फुटाइदिएपछि सो झगडाको सुरुआत भएको बुझिएको छ।

बियरको बोतल नफुटाउन भनेपछि आर्मी भन्नेले निहुँ खोजेपछि १५/२० मिनेटसम्म भनाभन र विवाद भएको र आर्मीलाई धकेल्दा लड्न पुगी नाकबाट रगत बग्न थालेको घाइते पक्षकाहरूले बताए। मुखसमेत उनले छाडेको र पछि फर्कने क्रममा आफूले देखाउने भन्दै इवी राखेर फर्केको र त्यस समूहका केहीले जे हुनु भयो भन्दै फर्किएको घाइते पक्षको भनाइ छ।

योजनाबद्ध ढङ्गले पछि कुटपिट गर्न उनीहरू आएको पत्तै नभएको घाइते पक्षका विष्णुप्रसाद धमला र लालवीर थिङले भने। "लाल पक्षकाले हामीहरू

(बाँकी अन्तिम पातामा)

## वैशाख २० सम्म सबै परीक्षा सम्पन्न गर्न महानगरको आदेश

प्रस, वीरगंज, २ वैशाख/

कोरोना सङ्क्रमणाको कारण वीरगंज महानगरपालिकाले यही वैशाख २० गतेसम्म सबै परीक्षा सम्पन्न गर्न महानगर अन्तर्गतका सामुदायिक तथा संस्थागत विद्यालयहरूलाई पत्राचार गरेको छ। महानगर शिक्षा शाखाले जेठ ४ गतेदेखि हुने कक्षा ८ को बोर्ड परीक्षा यही वैशाख १२ गतेदेखि शुरू गर्न र अन्य सबै परीक्षा वैशाख २० गतेसम्म सम्पन्न हुने गरी कार्यतालिका बनाउन पत्रद्वारा निर्देशन गरेको छ।

शक्तिको आवश्यकता तब मात्र हुन्छ, जब केही नराम्रो गर्नु छ । होइन भने दुनियाँमा सबैथोक पाउनका लागि एउटा प्रेम नै पर्याप्त हुन्छ ।

-विचारसार र सूक्तिहरू


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | आर. के. पटेल |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com
Website: www.prateekdaily.com


## विश्लेषण सही गरौं

**कोरोनाले फेरि उपद्रो मचाउन थालेको छ । चीनबाट फैलिएको भनिएको कोरोना भाइरस (कोभिड–१९)ले हाम्रो मुलुकमा खासै क्षति पुर्‍याउन सकेको थिएन । अन्य मुलुकमा जनधनको कहालीलाग्दो क्षति गरेको भएपनि यहाँ अनुमान गरिएभन्दा न्यून क्षति हुनुमा विभिन्न किसिमका तर्क गर्नेहरू छन् । कोरोनाविरुद्ध पर्याप्त तयारी गरेको कारण क्षति कम भएको भन्ने सरकार पक्षको तर्क छ भने मुलुकको वातावरण र यहाँका बासिन्दाको रोग प्रतिरोधात्मक क्षमताका कारण कोरोनाले खासै क्षति गर्न नसकेको भन्ने तर्क पनि छ । यस सम्बन्धमा तर्क–वितर्कहरू अनेक छन् । सही विश्लेषण, खोज, अनुसन्धानभन्दा पनि यहाँ एकले अर्काको तर्कलाई कसरी काट्न सकिन्छ भन्ने होड छ । अब फेरि नयाँ भेरिएन्टको कोरोना आएको छ । बेलायतबाट फैलिएको नयाँ कोरोना नेपालमा पनि भित्रिएको कुरा पुष्टि भइसकेको छ । बितेको सेप्टेम्बरमा बेलायतमा फेला परेको नयाँ कोरोनाको सङ्क्रमण गति पुरानो कोरोनाभन्दा ७० गुना बढी छ । यो पहिलेको भन्दा निकै घातक रहेको चिकित्सकहरूले बताएका छन् । कोरोनाले आफ्नो स्वरूप परिवर्तन गर्दै शक्तिशाली बन्दै जाने कुरा कोभिड–१९ को सुरुआतमा विज्ञहरूले पत्ता लगाएका थिए । छिमेकी मुलुक भारतमा पनि कोरोना भाइरसको नयाँ स्वरूप यसअघि नै फेला परेको थियो । अन्यत्रको भन्दा फरक भाइरस भारतको तमिलनाडु र तेलङ्गानामा फैलिएपछि त्यसलाई ‘क्लेड ए ३ आई’ नाम दिइएको छ । तर यो बेलायतबाट फैलिएको जस्तो अति खतरनाक क्षमताको होइन ।**

**संसारमा जति पनि रोगव्याधि तथा महामारीहरू आएका छन्, त्यो सधैंको लागि निर्मूल हुन सकेको छैन । न्यूनीकरण हुने हो । न्यूनीकरण गरिएको महामारी कुनै निहुँ पाएर वा अनुकूल वातावरण पाउने बित्तिकै पुनः प्रकोपको रूप लिने गरेको छ । दादुरा, मलेरिया, हैजा, सार्स, इबोलालगायतका महामारीहरू यही अवस्थामा छन् । कोरोना भाइरस रूप बदल्न सिपालु भएकोले मानवजातिलाई अरू महामारीले भन्दा यसले हायलकायल पारिरहेको छ । तथापि यसको विनाशको अवस्था सबैतर्फ एकनासको भने छैन ।**

**उद्गमस्थल चीनको वुहानबाहेक अन्यत्र कोरोनाको सङ्क्रमण खासै देखिएन । उत्तरी छिमेकी मुलुक चीनबाट तेस्रो मुलुक हुँदै दक्षिणी छिमेकी मुलुक भारतबाट कोरोना नेपालमा प्रवेश गरेको मानिन्छ । हुनत अन्य मुलुकबाट हवाई मार्ग भएर आउनेहरूमा पनि सङ्क्रमण देखियो, तर त्यसलाई नियन्त्रण गर्न सम्भव थियो । खुला सीमाका कारण भारततर्फ जनस्तरमा आवतजावत अनियन्त्रित भएकोले त्यताबाट भित्रिने कोरोना सङ्क्रमणको अवस्था पनि अनियन्त्रित नै थियो । फेरि पनि कोभिड–१९ ले भारतमा जति क्षति नेपालमा गरेन । सङ्क्रमण नभएको होइन । सङ्क्रमणपछि आइसोलेशनमा बस्ने दर र मृत्युदर यहाँ न्यून रह्यो । हामीकहाँ जति जनको क्षति भयो, त्यसमा भाइरसको कारणले भन्दा पनि उपचारमा लापरवाही, आइसोलेशनको अव्यवस्था, समयमा औषधिको उपलब्धता हुन नसक्नुलगायत मुख्य कारक रहे । हिजोको हाम्रो सबल र दुर्बल पक्षबारे निष्पक्ष विश्लेषण जरुरी छ । अन्यत्रभन्दा यहाँ कोरोना कमजोर हुनुको कारणबारे अनुसन्धान जरुरी छ । सही निष्कर्षमा पुग्न सक्यौं भने सफलताको सूत्र पत्ता लाग्नेछ । जसबाट हामीले पुनः सोही उपाय अवलम्बन गरेर नयाँ किसिमको कोरानाबाट हुने क्षतिसमेत न्यूनीकरण गर्न सक्नेछौं ।**

# पूर्वराजाको धार्मिक भ्रमण

स्वतन्त्र विचार




श्रीमन्नारायण
an_shriman@yahoo.com


**पूर्वराजा ज्ञानेन्द्र विगत १५ वर्षदेखि राजनीतिबाट पनि टाढा नै छन् ।यदि दक्षिणी छिमेकी भारतमा उनलाई कसैले मान, सम्मान दिन चाहन्छ र स्वागत गर्न चाहन्छ भने त्यस निम्तोलाई स्वीकार गर्नु स्वाभाविक नै हो । तत्काल पूर्वराजा ज्ञानेन्द्रको यो भ्रमण धार्मिक नै देखिन्छ ।**

भारतको उत्तराखण्डस्थित हरिद्वारमा जारी महाकुम्भ मेलामा नेपालका पूर्वराजा ज्ञानेन्द्रले पवित्र स्नान गरी त्यहाँ उपस्थित साधुसन्तमा भक्तिभाव देखाउनुलाई उनको आध्यात्मिक अधिकार मान्नुपर्दछ । तर उनी नेपालका पूर्वराजासमेत भएकाले उनको यस धार्मिक भ्रमणलाई पूर्णरूपमा निस्स्वार्थ भावको मात्रै मान्न सकिँदैन ।

पूर्वराजा ज्ञानेन्द्र गेरू वस्त्रमा देखिनु एउटा संयोग मात्रै हो । हुनत राजनीतिज्ञहरू समय, काल र परिस्थिति अनुसार आफूमा परिवर्तन ल्याउने गर्दछन् तथा आफूलाई पनि सोही समाजको देखाउने भरसक प्रयास गर्दछन् । पूर्वराजा ज्ञानेन्द्र महाकुम्भ मेलाको अवसरमा र साधुसन्तमाझ गेरू वस्त्रमा देखिनु पनि यसै कारणले हुन सक्छ । राजा ज्ञानेन्द्रको यस भ्रमणलाई राजनीतिभन्दा निरपेक्ष पनि मान्न सकिँदैन ।

नेपालको २४० वर्ष पुरानो राजतन्त्रको अन्तिम राजा ज्ञानेन्द्र अचानक गेरू वस्त्रमा देखिनु कतै उनको मनमा वैराग्य आएको सङ्केत त होइन ? भन्ने प्रश्न पनि उठ्न थालेको छ । कतिपय पवित्र महाकुम्भको अवसरमा साधु–सन्तहरूको सान्निध्यमा रहेका कारण मात्रै उनले गेरू वस्त्र धारण गरेको हुन सक्ने तर्क पनि गरिरहेका छन् । सनातन धर्ममा विश्वास राख्ने राजाहरूले आफ्नो जीवनको अन्त्यतिर पूर्णरूपमा अध्यात्मवादी अथवा योगी बनेका अनेकौं उदाहरण पनि छन्, तर पूर्वराजा ज्ञानेन्द्र सम्भवतः यस्तो नगर्लान् भन्ने आम चर्चा छ । पूर्वराजा ज्ञानेन्द्रको हरिद्वार भ्रमणलाई विभिन्न कोणबाट विश्लेषण गर्ने गरिन्छ । खासगरी आध्यात्मिक भावले र राजनीतिक अर्थमा पनि ।

कार्यक्रमका आयोजकले उनलाई हिन्दू राजा अथवा हिन्दू सम्राट्कै रूपमा सम्बोधन गरेका थिए । आफ्नो तीन पृष्ठ लामो सम्बोधनमा उनले हिन्दू सनातन धर्म, परम्परामाथि बाह्य अतिक्रमण भएकोमा चिन्ता व्यक्त गरेका थिए । हरिद्वारस्थित निरञ्जनी अखडामा महामण्डलेश्वर, मण्डलेश्वर, पीठाधीश, सन्त महन्त र साधुहरूलाई सम्बोधन गर्दै उनले कतिपय बाह्य दबाब, प्रभाव, प्रलोभन र सांस्कृतिक अतिक्रमणका कारण यता केही समयदेखि हाम्रो पूर्वीय दर्शन, धर्म र सनातनीय संस्कारमा ह्रास आएकोले हाम्रो धर्म बचाउनु र हाम्रो संस्कृतिको रक्षा गर्नु आवश्यक भएको भन्दै उनले मठ–मन्दिर, देवस्थल र धामहरूको विकास गर्नु हाम्रो कर्तव्य एवं दायित्व भएको टिप्पणी गरे ।

आफ्नो सम्बोधनमा उनले भारतवर्ष, आर्यावर्त र भरतखण्ड, यो भूखण्ड, हिमशृङ्खला र हाम्रा यी अनेकौं नदीको महान् महत्त्व छ भन्दै उनले हजारौं वर्ष अघिदेखिको हाम्रो सभ्यता, हाम्रो धर्म, परम्परा तथा सनातनिक संस्कृति विश्वमैं बेजोड छ भन्दै हिन्दू धर्म–संस्कृतिको व्यापकताको वर्णन गरे । यद्यपि उनले आफ्नो तीन पृष्ठ लामो सम्बोधनमा राजनीतिक विषयको चर्चा गरेनन् तर अभ्यन्तरमा यस भ्रमणलाई राजनीतिक स्वार्थबाट रहित मान्न सकिंदैन ।

नेपालमा विगत १२ वर्षदेखि गणतन्त्रको अभ्यास भइरहेको छ तथा जननिर्वाचित राष्ट्रपति देशको प्रमुखका हैसियतले विराजमान पनि छन् । तत्काल नेपालमा राजसंस्थाप्रति जनताको आकर्षण पनि छैन, न गणतन्त्रप्रति विकर्षण नै छ । सनातन धर्म र हाम्रा धर्मशास्त्रहरूमा नृप अर्थात् राजालाई देवतासरह सम्मान दिँदै आइएकोले पनि नेपालका पूर्वराजामा पनि सोही आकृति हेर्न खोज्ने साधुसन्तहरू अहिले पनि कम छैनन् । साधुसन्तहरूको निजी आस्था एवं विश्वासमाथि रोक पनि लगाउन सकिंदैन । एउटा हिन्दूको नाताले यदि पूर्वराजा ज्ञानेन्द्रले सनातन हिन्दू धर्म, संस्कृतिको अवस्थाप्रति चिन्ता व्यक्त गर्दै यसको रक्षाको निम्ति आफ्नो प्रतिबद्धता जनाउनु अस्वाभाविक होइन ।

विश्वका प्रायः पुराना एवं गौरवशाली सभ्यता एवं संस्कृतिहरू अस्तित्वमा छैनन्, रोमन सभ्यता, ग्रीसको सभ्यता, मिश्रको सभ्यता र इरानी सभ्यता पनि अब खासै चर्चामा छैन । चिनियाँ सभ्यता पनि केही हदसम्म अस्तित्वमा छ । केवल हाम्रो पूर्वीय सभ्यता जसलाई सनातनी अथवा हिन्दू सभ्यता पनि भन्ने गरिन्छ, त्यो नै एकनासले जीवन्त, ग्राह्य, लोकप्रिय तथा अनुकरणीय रहिआएको छ । नेपालका उत्तरी छिमेकी चीन र दक्षिणी छिमेकी भारतबीच प्रत्येक पाइलामा विवाद उत्पन्न भइरहनुको एउटा ठूलो कारण दुई सभ्यताबीचको टकराव अथवा भीडन्त पनि हो । चिनियाँहरू आफ्नो सभ्यतालाई नै विश्वको उच्चकोटीको सभ्यता र संस्कृति मान्दै आएका छन्, जबकि सनातनीहरू पूर्वीय अथवा हिन्दू सभ्यतालाई विश्वको सर्वोत्कृष्ट सभ्यता मान्दै आएका छन् । दुर्भाग्यवश नेपालका कतिपय कथित प्रगतिशील लेखक एवं विद्वान्हरू पनि आफ्नो खुट्टामा बन्चरो हानिरहेका छन् तथा चिनियाँ सभ्यताको पक्षपोषण गर्ने क्रममा सनातनी सभ्यताको अपमान गर्न पुग्दछन् । राजनीतिक एवं वैचारिक आस्था फरक विषय हो तर जब सभ्यता एवं संस्कृतिमाथि प्रहारको समय आउँछ तब हामी एकजुट भएर यसको रक्षा गर्नु पर्दछ । नेपाल र भारत भौगोलिकरूपमा दुई देश अवश्य पनि छन् । हाम्रो स्वतन्त्र अस्तित्व पनि छ र यसको रक्षा पनि हुनुपर्दछ तर हाम्रो सभ्यता, संस्कृति, धर्म, उपासना, पद्धति, रहनसहन, संस्कार, मान्यता एउटै हुन् यसको पनि अनुभूति भइरहनुपर्दछ ।

भारतका दिग्गज राजनीतिज्ञ,



कुम्भ मेलामा स्नान गर्दै पूर्वराजा । तस्वीरः एजेन्सी

विद्वान्, लेखक एवं हाल केरल प्रान्तका राज्यपाल आरिफ मोहम्मद खानका अनुसार पूर्वीय सभ्यतालाई ज्ञानको भण्डार मानिन्छ । सनातन धर्म त शब्द हो, ज्ञान हो, न यसको अन्त्य हुन सक्छ, न यो कहिल्यै पराजित नै हुन सक्दछ । महान ऋषिमुनि एवं विद्वान्हरूको वाणीद्वारा स्थापित यस सभ्यताको गौरवशाली इतिहास रहेको छ । वेद, पुराण, उपनिषद्, गीता तथा विभिन्न शास्त्रहरूका कारण पूर्वीय सभ्यता एवं संस्कृतिसित कसैको तुलना नै हुन सक्दैन । केरलका राज्यपाल खान स्वयं पनि सनातन धर्म एवं संस्कृति तथा सभ्यताबारे गहिरो अध्ययन गरेका छन् । भनिन्छ, जतिबेला बलिउडका फिल्म निर्माता एवं निर्देशक बलदेवराज चोपडा (बिआर चोपडा) महाभारत सिरियलको निर्माण गर्ने योजना बनाइरहेका थिए, त्यति बेला उनी संवाद लेखनको जिम्मा कसलाई दिने भनेर अन्योलग्रस्त थिए तर उनका प्रिय मित्र एवं प्रख्यात लेखक एवं विद्वान् डा. राही मासुम रजाले आफू पनि गङ्गाकै पुत्र भएकोले पवित्र महाभारत सिरियलको सम्पूर्ण संवाद आफूले मात्रै लेख्ने हठ गरेका थिए । विश्व चर्चित महाभारत सिरियलको सफलतामा डा राही मासुम रजाको उच्चकोटीको संवाद लेखनको पनि ठूलो योगदान एवं महत्त्व मानिन्छ । तात्पर्य यो कि पाकिस्तान, बङ्गलादेश र श्रीलङ्काका कतिपय विद्वान्हरू पनि पूर्वीय सभ्यता एवं संस्कृतिमाथि गर्व गर्दछन् तथा यससित आफ्नो साइनो गाँस्ने गर्दछन् । धेरैजसो भारतीय मुसलमान पनि पूर्वीय सभ्यता र संस्कृतिलाई आफ्नो पहिचान मान्ने गर्दछन् । हामी नेपालीहरूले पनि यसमा गर्व गर्नु स्वाभाविक नै हो किनभने यो त हाम्रै सभ्यता–संस्कृति हो । सम्भवतः पूर्वराजा ज्ञानेन्द्रमा पनि साधुसन्त एवं महात्माहरूले आफ्नो देवताको अनुभूति गर्नु अथवा नृप हेर्नु यसैको सङ्केत हो । भारतवर्ष, आर्यावर्त र भरतखण्डलाई सङ्कीर्णरूपमा हेर्नुहुँदैन । यो हाम्रो साझा हो र हामी पनि यसैका हौं । ज्ञान, विज्ञान र अनुसन्धानले परिपूर्ण हाम्रो सभ्यता एवं संस्कृतिलाई अक्षुण्ण राख्नु हाम्रो परम धर्म एवं कर्तव्य पनि हो । पूर्वीय सभ्यता एवं संस्कृतिका संवाहक भएर पनि हामीले यसको निम्ति थप केही गर्न सकेका छैनौं । राजनीतिज्ञले धर्म र संस्कृतिलाई पनि नाफा नोक्सानकै दृष्टिले हेर्न गर्दछन् । सङ्कट आइपरेका बेला मात्रै धर्म, संस्कृतिलाई स्मरण गर्ने धारणा रहिरहेसम्म कुनै पनि समुदायको धर्म, संस्कृतिको रक्षा हुन सक्दैन ।

पूर्वराजा शाहलाई विश्व हिन्दू महासङ्घले १७ वर्ष अघि विश्व हिन्दू सम्राट्को उपाधि दिएको थियो । पूर्वराजाले तीन वर्ष अघि हिन्दू राजाको हैसियतमा उडिसा राज्यस्थित पुरीको भ्रमण गरेका थिए । साढे ५ वर्ष अघि नै संविधानसभाको तीनचौथाई बहुमतद्वारा नेपाललाई गणतान्त्रिक एवं धर्मनिरपेक्ष राष्ट्र घोषित गरिसकिएको हो तसर्थ अब यहाँ राजसंस्था फर्कने तथा नेपाल पुनः हिन्दू राष्ट्र घोषित हुने सम्भावना छैन तर नेपालका पूर्वराजा भएका कारण र एक हिन्दूका नाताले सनातन धर्म संस्कृतिबारे चिन्ता गर्नु र यसको संरक्षण एवं विकासमा सक्दो सहयोगबारे प्रतिबद्धता व्यक्त गर्नु अस्वाभाविक होइन । पूर्वराजा ज्ञानेन्द्रका यस धार्मिक भ्रमणले नेपाल र भारतबीच संस्कृति एवं सामाजिक सम्बन्ध अवश्य नै बलियो बनाउने छ । पूर्वराजा ज्ञानेन्द्रलाई यदि यस धार्मिक भ्रमणबाट केही राजनीतिक लाभ हासिल हुने सम्भावना देखिन्छ भने यो उनको निजी विश्लेषण हुन सक्छ र यसका निम्ति उनी स्वतन्त्र पनि छन् । दक्षिणी छिमेकी भारत नेपालीहरूको निम्ति नयाँ ठाउँ होइन । पूर्वराजा ज्ञानेन्द्र विगत १५ वर्षदेखि राजनीतिबाट पनि टाढा नै छन् । यदि दक्षिणी छिमेकी भारतमा उनलाई कसैले मान, सम्मान दिन चाहन्छ र स्वागत गर्न चाहन्छ भने त्यस निम्तोलाई स्वीकार गर्नु स्वाभाविक नै हो । तत्काल त पूर्वराजा ज्ञानेन्द्रको यो भ्रमण धार्मिक नै देखिन्छ ।

## दुर्लभ लेखप्रति धन्यवाद र नववर्षको शुभकामना !

पाठक प्रतिक्रिया

नयाँ वर्षको पहिलो दिनमा नै प्रतीकले दुई दुर्लभ लेख प्रकाशित गरेको छ, जुन कुनै राष्ट्रिय पत्रिकाका पानामा पनि पढ्न पाइँदैन । पहिलो विनोद गुप्ताको लेख ‘सास फेर्न पनि दुलभ भो: निगाह होस् सरकार’ जसमा उनले सरकारसँग जीवनको पुकारा गरेका छन् । दोस्रो, ‘जीवेम शरदः शतम्’मा तुलसीको स्थूल र सूक्ष्म गुणको व्याख्या । कुशजस्तो फालतु घाँसले जुन पवित्रता पाएको छ, त्यो उसको स्थूल होइन, सूक्ष्म गुणले सम्भव भएको हो ।

विनोद गुप्ताले वायु प्रदूषणको जुन वर्णन गरेका छन्, त्यो स्थूल वर्णन हो । सूक्ष्म वर्णन त्योभन्दा पनि भयावह छ । यसको लागि मान्छे कसरी मर्छ त्यसको भेद खोतल्नुपर्छ । यसको लागि मधुमेह रोग कसरी हुन्छ, त्यसको दृष्टान्त म दिन चाहन्छु । मधुमेह दुई किसिमले हुन्छ । पहिलो अग्नाशयले इन्सुलिन बनाउन वा दिन असमर्थ हुन्छ । दोस्रो इन्सुलिन ठीक भएपनि शरीरको अङ्ग त्यसलाई ग्रहण गर्न असमर्थ हुन्छ । यी दुवैमा पहिलो भने बढी मारक हुन्छ । मानिस पञ्चतत्त्वले बनेको मात्र होइन, उसले निरन्तर पञ्चतत्त्वबाट जिउने शक्ति पनि प्राप्त गरिरहेको हुन्छ । यसैलाई जीवनीशक्ति भनिन्छ । त्यो जीवनीशक्ति नपाउँदा मानिस बिस्तारै मर्छ । यसलाई मधुमेहको पहिलो अवस्थाजस्तो भयङ्कर मान्न करै लाग्छ । जीवनीशक्ति प्राप्त भएपनि शरीर बूढो र शिथिल भएर ग्रहण गर्न असमर्थ छ भने पनि मान्छे मर्छ । यो मधुमेहको दोस्रो अवस्थाजस्तो हो ।

पञ्चतत्त्वबाट कसरी जीवनीशक्ति प्राप्त हुन्छ ? शरीर माटोले बनेको हुन्छ । अतः माटोबाट उत्पन्न हुने अन्नबाट जीवनीशक्ति प्राप्त हुन्छ । शरीर जलबाट बनेको छ । जल ग्रहण गरेर प्राप्त हुन्छ । शरीर अग्निबाट बनेको छ । त्यो जठराग्निको रूपमा सधैं हाम्रो शरीरमा विद्यमान छ । जसरी दियो बल्छ, त्यो बल्न तेल चाहिन्छ, जठराग्निलाई पनि सतत बलिरहन अन्न–रसले तेलको काम गर्छ । शरीर आकाशले बनेको हुन्छ । आकाश भनेको शून्य वा परमात्म तत्त्व हो, जो आत्मारूपमा सबैमा विद्यमान छ । शरीर वायुले बनेको छ, प्राणवायुको रूपमा वायु ग्रहण गरिरहन्छ । प्राण वायु रूखले दिन्छ । माटो छैन भने अन्न पैदा हुँदैन । अग्नाशय फेल भयो । प्राण वायु छैन, अग्नाशय फेल भयो । जल छैन, अग्नाशय फेल भयो । गगन छैन, अग्नाशय फेल भयो । अतः हामी शरीरले ग्रहण गर्ने क्षमता नभएर होइन, स्रोतबाटै जीवनीशक्ति प्राप्त हुन नसकेको अवस्थामा छौं ।

सरकार र अन्धविश्वासले जङ्गल मात्र विनाश गरेको होइन, जीवनीशक्ति र जीवनचक्र नै विनाश गरेको छ । एक्युआई त केवल स्थूल थर्मामीटर हो, प्रदूषण मापनयन्त्र । जङ्गल विनाशले कसरी जीवनीशक्ति विनाशको बाटो खोलेको छ, त्यो कति भयावह छ ? त्यसको कल्पना पनि गर्न सकिंदैन ।

नववर्षमा दुर्लभ लेख पस्केकोमा प्रतीकको साथै लेखकद्वयलाई पनि धन्यवाद र नववर्षको शुभकामना !

**डा. शिवशङ्कर यादव**, छपकैया, वीरगंज

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

# अर्थ - उद्योग - वाणिज्य

## राष्ट्रिय सहमतिमा बजेट निर्माण हुनुपर्छ

अर्थविशेष



विश्वराज अधिकारी
akoutilya@gmail.com

**दलहरूले आआफ्नो स्वार्थ त्यागेर दलका नेताहरूले व्यक्तिगत लाभलाई तिलाञ्जलि दिएर मुलुकको हितमा केन्द्रित भई ओली हटाऊ अभियानमा लाग्ने हो भने ओली सरकार ढल्छ, ओली पदच्युत हुन्छन्। तर यस्तो हुँदैन, किनभने कुनै पनि दल र तिनका नेता आफ्नो स्वार्थको घेराबाट बाहिर आउन सक्ने स्थिति छैन।**

आआफ्नो दलको स्वार्थ र व्यक्तिगत फाइदालाई आधार मानेर वर्तमान केपी ओली सरकार हटाउन लागिपरेका राजनीतिक दल एवं तिनका नेताहरू ओली सरकार कायम रहँदा नै आफ्ना धेरै स्वार्थ पूरा हुने देखेर ओली सरकार हटाउने अभियानमा अहिले केही शिथिल देखिएका छन्। तर भोलिका दिनमा के गर्छन् भन्न सकिने स्थिति छैन।

राजनीतिक घटना-परिघटनालाई आफ्नो पक्षमा उपयोग गर्न चतुर र उक्त कार्यमा अहिलेसम्म सफल देखिएका प्रचण्ड पनि अहिले केही शिथिल देखिएका छन्। कुनै बेला ओली सरकार ढाल्ने सफल रणनीति निर्माण गरेर हिंडेका प्रचण्ड अहिले आफैंले थापेको जालमा अल्झिएर बसेका छन् र आफ्नो दलले ओली सरकारलाई दिएको समर्थन फिर्ता नलिने मनस्थितिमा पुगेका छन्। यस्तो गर्दा उनलाई अधिकतम फाइदा छ। नेपालको राजनीतिलाई मुलुकको इतिहासमैं सर्वाधिक अस्थिर (२०४७ देखि हालसम्म) गराउने नेपाली राजनीतिका (खल) नायक प्रचण्ड अहिले पर्ख र हेरको स्थितिमा पुगेका छन्। योभन्दा पहिले उनले तयार पारेका अनेक रणनीति एकपछि अर्को असफल भएपछि अहिले उनी स्थिर रहनुपर्ने बाध्यात्मक स्थिति सृजना भएको छ। तर उनी चुप लागेर बस्ने व्यक्ति भने होइनन्।

मधेसवादी दलहरू, खासगरी जसपाको पनि आफ्नै स्वार्थ छ। यो दलका नेताहरू ओली सरकार हटाउँदा आफूलाई व्यक्तिगत रूपमा के कति फाइदा हुन्छ त्यो अङ्कगणित विश्लेषणमा लागेका छन्। ओलीलाई पदच्युत गर्दा मुलुकलाई के कस्तो फाइदा हुन्छ भन्ने विषय अहिले जसपा नेताहरूको लागि गौण विषय भएको छ भने आआफ्नो स्वार्थपूर्ति प्रमुख हुन पुगेको छ। हुनत मधेसी नेताहरू नेपालको राजनीतिमा खुकुलोपना आए (२०४७ साल) देखि केवल आफ्नो स्वार्थको लागि सक्रिय रहेका थिए। मधेसको मुद्दालाई महत्त्व दिने र मधेसका सीमान्तकृत जनताको लागि लड्ने भने तापनि उनीहरूको राजनीति केवल (प्रधानमन्त्री, उपप्रधान मन्त्री, मन्त्री) पद प्राप्तिमा केन्द्रित रहेको उनीहरूको विगतको इतिहास र वर्तमान गतिविधिले प्रस्ट पार्दछ। मधेस आन्दोलनको उपलब्धिले जनतालाई होइन, ती नेताहरूलाई नै फाइदा गराएको देखिएको छ। यो कुरा अब मधेसका जनतालाई घामझैं छर्लङ्ग भएको छ।

नेपाली काङ्ग्रेसको स्थिति पनि पृथक छैन। यस दलले पनि ओली प्रम हुँदा वा नहुँदा आफ्नो दललाई के कति फाइदा हुन्छ त्यसको लेखाजोखामा समय खर्च गर्दैछ। खासमा यस दलका नेताहरू सरकार परिवर्तनबाट व्यक्तिगतरूपमा के फाइदा वा बेफाइदा हुन्छ त्यस कुराको विश्लेषण गर्दैछन्। आफ्नो दलले के गर्दा मुलुकले स्थिर र विकासोन्मुख सरकार पाउँछभन्दा पनि यो दलले केवल आफ्नो फाइदा केमा छ त्यो हेरिरहेको देखिन्छ। यसका शीर्षस्थ नेताहरू, खासगरी शेरबहादुर देउवाले ओली सरकार टिक्नमा आफ्नो बढी फाइदा देखेकोले नेका पनि ओली हटाऊ अभियानमा सुस्त हुन पुगेको देखिन्छ। यो दल पनि राष्ट्रिय राजनीतिमा स्थिरता ल्याउन चिन्तित रहेको देखिएको छैन।

माथि उल्लेख गरिएका कारणहरूले गर्दा कुनै ठूलो घटना भए मात्र, अन्यथा प्रम ओली सत्ताच्युत हुने स्थिति अहिले देखिंदैन र उनले आफ्नो कार्यकाल पूरा गर्ने नयाँ र अनौठो स्थिति सृजना भएको छ। र यो स्थिति मुलुकको लागि एक किसिमले राम्रो पनि हो। आर्थिक विकासका लागि त झनै राम्रो हो। यहाँ ओलीको समर्थन वा गुणगान गर्न खोजिएको भने होइन। सबै पक्षलाई समेटेर लग्ने कार्यमा ओली सर्वाधिक असफल देखिएका छन्। र उनको यो कमजोरीले गर्दा उनी स्वयंले नै आफ्ना विरोधीहरूको सङ्ख्या वृद्धि गरेका छन्।

दलहरूले आआफ्नो स्वार्थ त्यागेर दलका नेताहरूले व्यक्तिगत लाभलाई तिलाञ्जलि दिएर मुलुकको हितमा केन्द्रित भई ओली हटाऊ अभियानमा लाग्ने हो भने ओली सरकार ढल्छ, ओली पदच्युत हुन्छन्। तर यस्तो हुँदैन, किनभने कुनै पनि दल र तिनका नेता आफ्नो स्वार्थको घेराबाट बाहिर आउन सक्ने स्थिति छैन। उनीहरूको प्रकृति र प्रवृत्तिले त्यस्तो हुन दिंदैन। स्वार्थकै कारण दलहरू ब्रह्माजस्तो विपरीत दिशामा टाउको फर्काएर बसेका छन्। यो नेपाली राजनीतिको दुखान्त विशेषता हो।

ओली सरकार नढल्ने स्थिति भएपछि आगामी आर्थिक वर्षको बजेट (आव २०७८-७९ को बजेट) यो सरकारले नै निर्माण गर्ने विषयमा अब कुनै द्विविधा छैन। तर यहाँ महत्त्वपूर्ण कुरा के छ भने स्वयं ओलीको दलका उच्च पदीय नेताहरू ओलीको घोर विरोधी रहेको अवस्थामा ओली सरकारले ल्याउने बजेट उक्त दलभित्र नै स्वीकार्य होला ? त्यो बजेट जनताको पक्षमा काम गर्ने खालको होला ? यसैगरी नेकपा, नेका, माओवादी केन्द्रदेखि जसपासम्म र यिनका नेताहरू ओलीको विपक्षमा रहेको बेला ओली सरकारले ल्याउने बजेट उनीहरूको लगि पाच्य होला ?

अर्कोतिर स्थिति यस्तो छ कि कोभिड -१९ को प्रकोपले अहिले विश्व अर्थ व्यवस्थालाई नराम्ररी प्रभावित गरेको छ। विश्व अर्थ व्यवस्थामा अति अनिश्चितता देखिएको छ। विश्वभरिका मुलुक यसको कुप्राभाव कम पार्न अहिले सङ्घर्षरत छन्। नेपालजस्तो विकासोन्मुख मुलुकको अर्थतन्त्र त झनै कोभिडको असरबाट आक्रान्त छ। यस्तो अवस्थामा नेपालले निकै सोचविचार गरेर राष्ट्रिय अर्थनीति निर्माण गर्नुपर्ने हुन्छ। सोही अनुसार बजेट निर्माण गर्नुपर्ने हुन्छ।

बजेट निर्माण गर्दा त्यसले केवल एक वर्षको कारोबारलाई समेट्ने भए तापनि त्यो बजेटले सामान्य जनताको जीवनलाई भने बीसौं वर्षसम्म प्रभावित पार्ने हुन्छ। मुलुकको उद्योग, व्यापार, पर्यटनजस्ता क्षेत्र बजेटबाट अति प्रभावित हुने भएकाले, बजेटले स्वाभाविक किसिमले सामान्य जनताको जीवनमा लामो समयसम्म प्रभाव पार्ने निश्चित हुन्छ। यसैगरी अहिलेको यो विशेष परिस्थितिमा, कोभिडले नेपालको अर्थतन्त्रलाई आक्रान्त पारेको अवस्थामा, नेपालले विशेष किसिमको बजेट ल्याउनु आवश्यक छ। यस्तो बजेट ल्याउन आवश्यक छ, जसले देशमा रोजगार वृद्धि गरोस्, उत्पादन वृद्धि गरोस्, र गरीब जनताको जीवनलाई थप कष्टकर हुन नदेओस्। अर्थात् आउने आर्थिक वर्षको लागि निर्माण गरिने बजेट सामान्य वा परम्परागत नभएर विशेष किसिमको हुनु आवश्यक छ। फरक हुन आवश्यक छ।

आगामी आर्थिक वर्षका लागि निर्माण गरिने बजेटलाई विशेष किसिमको पार्न ओली सरकारले यो बजेट सर्वसम्मतिमा निर्माण गर्नु आवश्यक छ। सबै दलका प्रतिनिधि, निजी क्षेत्रका प्रतिनिधि, सम्बन्धित क्षेत्रका विज्ञ, देशका अर्थशास्त्रीहरूलाई सहभागी गराएर, उनीहरूबीच गहन छलफल गराएर, एउटा साझा सहमति कायम गरेर आगामी आर्थिक वर्षका लागि ओली सरकारले विशेष किसिमको बजेट निर्माण गर्नु उपयुक्त हुन्छ। यस्तो बजेट देशको हितमा हुन्छ। कोभिडबाट आक्रान्त भएको राष्ट्रिय अर्थतन्त्रको हितमा हुन्छ।

सर्वपक्षीय सहमतिबाट निर्माण गरिएको बजेटको प्रभावकारिताको जस वा अपजस सबै पक्षमा बाँडिने हुनाले बजेट निर्माणमा संलग्न सबै पक्ष बजेटको कार्यान्वयन प्रभावकारी बनाउन स्वयं उत्प्रेरित (motivate) हुन्छन्। यो व्यवहारबाट प्रमाणित भएको कुरा हो।

आआफ्नो स्वार्थ बिर्सेर, दलीय मतभेद त्यागेर, व्यक्तिगत स्वार्थबाट माथि उठेर नेताहरूले बजेट निर्माणमा भने एक भएर, एउटा राम्रो सहमति कायम गरेर यो विषय परिस्थितिमा खास किसिमको बजेट ल्याउन सक्रिय हुनुपर्ने देखिन्छ।

विभिन्न दलका नेताहरू ! तपाईंहरू बीच अनेक मतान्तर एवं द्वन्द्व भए तापनि अहिलेको यो विषम परिस्थितिमा त्यो द्वन्द्वलाई भुल्नुहोस्। यो विषय परिस्थितिमा, देशलाई आर्थिकरूपमा धराशायी हुनबाट जोगाउन एकजुट हुनुहोस्। तपाईंहरूको साझा सहमतिमा एउटा विशेष किसिमको बजेट ल्याउनुहोस्। देशले अहिले तपाईँहरूबाट विग्रह होइन, सहमतिको अपेक्षा गरेको छ। देशको आर्थिक विकासको लगि एकमत हुनुहोस्, राजनीतिक उद्देश्य पृथक पृथक भए तापनि।

देशको आर्थिक भविष्य राम्रो भए मात्र तपाईंहरूको राजनीतिक भविष्य पनि सुरक्षित एवं सफल हुन सक्छ। देश आर्थिकरूपमा दिवालिया भयो भने तपाईंहरूको राजनीति पनि दिवालिया हुन पुग्छ। अफगानिस्तान, सिरिया, यमनका नेताहरूको जस्तै हुन सक्छ तपाईंहरूको स्थिति पनि।

स्वयं ओली र उनको सरकारले पनि सर्वपक्षीय समहतिमा आगामी वर्षको बजेट निर्माण गर्न आवश्यक छ। 'म जे पनि गर्न सक्छु' भन्ने मनस्थितिबाट बाहिर आएर प्रम ओलीले विभिन्न दलहरूसँग राम्रो सम्बन्ध कायम गरेर साझा सहमतिमा बजेट ल्याएमा त्यसले नेपालको आर्थिक विकासमा महत्त्वपूर्ण योगदान दिनेछ।

साझा, सर्वपक्षीय सहमतिमा आगामी वर्षको बजेट ल्याउनु ओली सरकारको लागि चुनौति पनि हो, अवसर पनि हो। र सर्वाधिक महत्त्वपूर्ण कुरा देशका लागि अति हितकर हो।

## आयल निगमले ल्यायो इआरपी

काठमाडौं, २ वैशाख/रासस

नेपाल आयल निगम अहिले आफूलाई पूर्णतः डिजिटाइज गर्ने अभियानमा




तस्वीरः फाइल

जुटेको छ। निगमका आन्तरिक र बाह्य क्रियाकलापलाई एकै सफ्टवेयरबाट नियन्त्रण, सञ्चालन र अनुगमनसमेत सम्पूर्ण कार्य गर्ने गरी निगमले नयाँ सफ्टवेयर भित्र्याउँदै छ। तेल र ग्यासको कारोबार गर्ने विश्वका ७० प्रतिशतभन्दा बढी संस्था, कम्पनीले यो सफ्टवेयर प्रयोगमा ल्याइरहेको निगमका इन्जिनीयर राजन नेपाल बताउँछन्।

निगमले हाल विभिन्न कार्यका लागि भिन्नभिन्न सफ्टवेयर प्रयोग गरिरहेको छ। यसका लागि कर्मचारी प्रशासन, लेखा, बिलिङ जस्ता सफ्टवेयर प्रयोगमा रहेका छन्। अब यो नयाँ प्रणाली शुरू भएपछि त्यस्तो हुनेछैन। यी सबै एकाइलाई एकै सफ्टवेयरभित्र एकीकृत गरिनेछ। निगमले यो योजना सफल बनाउन अहिले इन्टरप्राइज रिसोर्स प्लान (इआरपी) परियोजना सञ्चालन गरिरहेको छ।

### के हो इआरपी ?

विसं २०७७ साउन १ गतेदेखि शुरू भएको यो इन्टरप्राइज रिसोर्स प्लान (इआरपी) परियोजनाले निगमको सम्पूर्ण कागजी प्रक्रियालाई पूर्णरूपमा डिजिटलाइज्ड प्रविधिमा रूपान्तरण गर्नेछ। निगमका सम्पूर्ण कार्यलाई एकापसमा पारदर्शी र देखिने बनाउन यो परियोजनाले काम गर्दैछ। त्यही उद्देश्य हासिल गर्न निगमले विश्वव्यापी बोलपत्र आह्वान गरेको थियो।

बोलपत्रबाट जर्मनीमा विकास गरिएको एसएपी बिजनेस १ नामको सफ्टवेयर खरीद गर्न छनोट भएको हो। निगमले यस सफ्टवेयरको लाइसेन्स, पूर्वाधार निर्माण र मानव संसाधनका लागि करीब रु २२ करोड खर्च गरेको छ। विश्वका तेल र ग्यास उद्योगसँग सम्बन्धित ७० प्रतिशतले यही सफ्टवेयर प्रयोगमा ल्याइरहेको इन्जिनीयर एवं परियोजनाका प्रमुख राजन नेपालले बताए। उनी भन्छन्, "यो सफ्टवेयर भारत, तान्जानिया र सिङ्गापुरजस्ता देशमा सफलतापूर्वक प्रयोग भइरहेको छ।"

अहिले यस प्रविधिको प्रयोगका सन्दर्भमा निगमका इन्जिनीयर र विदेशी परामर्शदाता इन्जिनीयरले दिनरात काम गरिरहेको नेपाल बताउँछन्। उनका अनुसार यो सफ्टवेयरलाई यही वैशाख ३ गतेदेखि परीक्षणका रूपमा सञ्चालन गरिनेछ भने साउन १ गतेदेखि "रियल टाइम लाइभ"मा जाने तयारी पनि गरिएको छ।

### सफ्टवेयरले के गर्छ ?

यो प्रविधिले आयल नियमका महाशाखा र त्यस शाखाको सम्पूर्ण विवरणलाई कम्प्युटराइज प्रणालीमा लैजानेछ। जहाँबाट कर्मचारीको नियुक्ति, सरुवा, बढुवालगायत व्यक्तिगत विवरणको तथ्याङ्क अद्यावधिक गर्नेछ।

बर्सेनि अर्बौं रुपियाँको कारोबार गर्ने संस्था भएको हुनाले सबै प्रणालीको सही समयमा सही सूचना प्रवाह गर्नका लागि यो प्रक्रिया जरुरी भइसकेको निगमको ठम्याइ छ। यो सफ्टवेयरको प्रयोगपछि निगममा रहेका र आफूले चाहेका तथ्याङ्कको विवरण सहजताका साथ हेर्न, अनुगमन गर्न र रिपोर्ट निकाल्न सकिने छ। अहिले निगमले प्रयोग गरिरहेका भिन्नभिन्न सफ्टवेयरको अब एउटै प्याकेज हुने नेपालको भनाइ छ।

साथै बजारमा डिलरको माग, डिलरको क्षमता र उनीहरूको खाताको विवरण एकै क्लिकमा लिन सकिन्छ। सफ्टवेयरको प्रयोग पछि डिलरले गर्ने माग र सो मागका लागि आवश्यक पर्ने रकमका लागि निगम र बैंक धाउनुपर्ने छैन। त्यसका लागि आफ्नो हातमा भएको मोबाइलको सहायताले जुनसुकै स्थानबाट पनि यो काम गर्न सकिन्छ।

यसैको माध्यमबाट हाम्रो माग र बजारमा अहिले रहेको मौजुदा इन्धनको बारेमा जानकारी लिन सकिन्छ भने लोड भएका गाडीको विवरण लिनसमेत यसले मदत गर्नेछ। प्रमुख नेपाल भन्छन्, "सफ्टवेयर लागू भएपछि भारतीय आयल निगम (आइओसी)लाई अग्रिम भुक्तानी गर्नुपर्ने अवस्थाको अन्त्य हुनेछ। आइओसीले भौचर (इन्भ्वाइस) बनाउनासाथ हाम्रो सफ्टवेयरमा तत्कालै देखिनेछ, र भुक्तानी पनि सोही समयमा हुनेछ। अहिले इन्भ्वाइस बन्नुभन्दा १५ दिनअघि 'अर्डर'का आधारमा भुक्तानी हुने गरेकामा अब तत्कालै अनलाइन ट्रान्सफर हुनेछ।"

उनले भने, "आइओसीलाई अब 'इन्टरनेशनल पेमेन्ट गेटवेमार्फत तुरुन्त रकम पठाउन सकिने भएपछि हामीले वार्षिक झन्डै २२-२५ करोड रुपियाँ बचत गर्न सक्नेछौं। इन्धनको मूल्य प्रक्षेपण गर्न पनि यसबाट सहज हुनेछ। यसका अलावा ट्याङ्कर व्यवसायीको भुक्तानी पनि यसै प्रविधिमार्फत हुनेछ। जसका कारण उनीहरूले भुक्तानीका लागि पर्खनुपर्ने छैन।"

आइओसीमा कति गाडी लोड भए, कति भन्सारमा आइपुगे, बाटोमा कति गाडी छन् भन्ने जस्ता विवरण "रियल टाइम"मा देख्न र अनुगमन गर्न सकिने स्थिति बनेको छ, नेपाल बताउँछन्। सफ्टवेयर पूर्ण स्वचालित विधि भएकोले कुनै पनि कर्मचारीले यताउता गर्न सक्ने छैनन्। उनी भन्छन्, "त्यो समयमा को को कर्मचारी थिए, किन त्यस्तो काम भयो भन्ने कुरा सफ्टवेयरले आफैं काम गरिरहेको हुन्छ। यसले काम छिटो हुनुको साथै कारबाई र भएका गलती सजिलै पत्ता लगाउन सकिन्छ। त्यसको विवरण लेखा र ढुवानी शाखालाई जानकारी हुन्छ।"

निगमको नयाँ सफ्टवेयर पूर्णरूपमा सञ्चालन गरी व्यवस्थित र सुरक्षित बनाउन निगमले इन्जिनीयरको विशेष टोली बनाएको पनि नेपालले बताए। डेटाको सुरक्षा गर्न र कुनै गडबडी भए

(बाँकी चौथो पातामा)

## बरामद ट्रकबाट तस्करीको सामान फेला परेन

प्रस, वीरगंज, २ वैशाख/

पर्सा प्रहरीले तस्करीको आरोपमा अनुसन्धानका लागि पठाएको ट्रकबाट राजस्व अनुसन्धानले तस्करीको मालसामान फेला पार्न असफल भएको छ। जिल्ला प्रहरी कार्यालय पर्साले पठाएको ट्रक मङ्गलवार चेकजाँच गर्दा ट्रकमा बिलबिजक अनुसारकै मालसामान भेटिएको राजस्व अनुसन्धान कार्यालय पथलैयाले जनाएको छ। भन्सार छलेर भित्रिएको मालसामान लोड भएको भन्दै प्रहरीले वीरगंजबाट सोमवार ना.३ख ७२१० नम्बरको ट्रक राजस्व अनुसन्धान




कार्यालय पथलैया पठाएको थियो।

बिलबिजक अनुसारकै मालसामान फेला परेको राजस्व अनुसन्धान कार्यालय पथलैयाका प्रमुख टङ्कप्रसाद पाण्डेले बताए। "प्रहरीले नियन्त्रणमा लिएर पठाएको ट्रकको मालसामान भिसिटिएस र बिलबिजक अनुसार नै पाइयो। राजस्व छलेको मालसामान भेटिएन," प्रमुख पाण्डेले भने।

प्रहरीले पशुपति रोड क्यारियर्सको सो ट्रकमा ४२ लाख रुपियाँ बराबरको कस्मेटिक, हार्डवेयर र किराना मालसामान फेला परेको भन्दै अनुसन्धानका लागि पठाएको थियो।

(बाँकी चौथो पातामा)

# समाजवाद र समृद्धिको निर्माण

सामाजिक विकृति र शोषणको अन्त्य गरी स्वतन्त्रताको प्रत्याभूतिका साथ मानव विकासका उद्देश्य प्राप्तिका लागि नेपाल एक समाजवादी राष्ट्र हो। वास्तवमा मानिसका व्यक्तिगत स्वार्थलाई समाजको स्वार्थसँग समायोजन गर्नु नै समाजवाद हो । मानव समुदायले परापूर्वकालदेखि नै सामूहिक समस्यामा संयुक्तरूपमा आफ्नो अनुभव, सीप र चिन्तन प्रयोग गर्दै समाधान गर्नुलाई धर्मका रूपमा लिने गरिएको पाइन्छ। अहिलेको आधुनिक युगमा समावेशीकरण सिद्धान्तको अवलम्बन गर्नु पनि समाजवादोन्मुख हुनु हो। यसलाई मानव सभ्यताको उत्कर्षका रूपमा लिइने गरिन्छ। मानव सभ्यताको सम्पूर्ण उपलब्धि ग्रहण गर्दै उत्पादनमा वृद्धि गरेर न्यायोचित वितरणमा जोड दिने कार्य समाजवादी मुलुकमा गरिन्छ । देश समृद्धिको दिशामा उन्मुख हुँदा मात्र समाजवादलाई सुदृढ गर्न सकिन्छ र यो आफैंमा समृद्धिको दिशातर्फ उन्मुख हुन्छ।

व्यक्तिगत स्वतन्त्रता र राजनीतिक अधिकारको प्रत्याभूति गर्दै समाजवाद अवलम्बन गर्ने नीति तय गर्नु नै लोकतान्त्रिक समाजवाद हो । यसमा उत्पादनका साधनमा सामूहिक र सामाजिक स्वामित्व तथा नियन्त्रण कायम हुन्छ भने सर्वसत्तावादको समूल नष्ट गर्दै उदार समाजवादका आदर्श ग्रहण गरिन्छ । जनसहभागिताका लागि संरचनात्मक र कानून व्यवस्थापन गरी जनतालाई राज्यका समग्र क्रियाकलापमा सशक्त बनाइन्छ । यसले केन्द्रीकृत अर्थव्यवस्था र राष्ट्रियकरणलाई स्वीकार गर्दैन। मजदूरलाई पूर्ण स्वतन्त्रता प्रदान गरी उनीहरूको अधिकारको प्रत्याभूति लोकतान्त्रिक समाजवादले मात्र गर्न सक्छ। यस्तो व्यवस्थामा नागरिकले स्वतन्त्र पेशा अवलम्बन गरी व्यक्तिगत सम्पत्ति आर्जन गर्न सक्छ, तर व्यक्तिगत सम्पत्ति आर्जनका लागि सीमा निर्धारण गरिएको हुन्छ। यसमा असहाय, कमजोर, ज्येष्ठ नागरिकको उत्तरदायित्व सरकारले वहन गर्छ। उदार पूँजीवादी अर्थ व्यवस्थाबाट समाजवादोन्मुख नीतिहरू कार्यान्वयनमा आएका हुन्छन्। विकेन्द्रित आर्थिक योजना, बजारमा आधारित समाजवाद, प्रतिस्पर्धाका आधारमा बजारको व्यवस्थापन, लोकतान्त्रिक योजनाका आधारमा अर्थ व्यवस्था सञ्चालन गरिएको हुन्छ।

हुनत लोकतान्त्रिक समाजवादको मौलिक विशेषता भनेकै नागरिक स्वतन्त्रता हो । त्यसैले सबै प्रकारको परिस्थिति र वर्तमान व्यवस्थालाई दृष्टिगत गर्दा समृद्ध नेपालः सुखी नेपाली निर्माणका लागि लोकतान्त्रिक समाजवादको कार्यान्वयन इमानदारिताका साथ हुनुपर्ने आवश्यकता देखिएको छ। तर समाजवादको यात्रा नेपालका लागि त्यति सहज भने पक्कै छैन । नेपालमा समाजवाद होइन, सुसङ्गठित समाजको जग बसाल्ने कामसम्म पनि गर्न सकिएको छैन। देश सङ्घीयता कार्यान्वयनमा प्रवेश गरिरहेको अवस्थामा नेपालको केन्द्रीय राजनीतिको मनोविज्ञान केन्द्रीकृत शासन प्रणालीमैं अभ्यस्त छ । सबै कानूनहरू

अर्थ-उद्योग-वाणिज्य



शीतल महतो
shitalmahato@gmail.com

**समाजमा हुर्कंदै गएको राजनीतिक वितृष्णाबाट विपन्न र युवाको भविष्य सुनिश्चित गर्ने रणनीति अर्थतन्त्रको पुन:स्वरूपीकरण हो । अन्यथा एक्काइसौं शताब्दीमा पनि सीमित व्यक्तिले मात्र अवसर पाई ससुखी हुने र अरू सबै सीमान्तीकरणतर्फ धकेलिने खतरा रहिरहन्छ ।**

प्रदान गरी स्थानीय तह र प्रदेश सरकारलाई पूर्णरूपमा सहजीकरणसमेत गरिएको छैन। सांस्कृतिक, सामाजिक, धार्मिक प्रथाका रूपमा स्थापना गरिएको सामन्ती संस्कार र त्यसै अनुसारको जीवनशैलीका कारण समाजवादको यात्रा कठिन बन्दै गएको छ। यस्तो परिस्थितिमा सङ्घीय लोकतान्त्रिक गणतन्त्रसमेत कथनीमा सीमित बनेको छ। त्यसैले समृद्ध नेपालः सुखी नेपालीको राष्ट्रिय आकाङ्क्षा पूरा गर्न आफ्नो सामाजिक व्यवहार र शैलीमा परिवर्तन गर्नु अत्यावश्यक छ।

कृषिप्रधान देश नेपालमा उर्वर भूमि बाँझै रहने प्रवृत्ति बढ्दो छ। आधुनिक प्रविधि प्रयोग गर्दै विदेश पलायन भइरहेका युवालाई कृषिमा आकर्षित गर्न सकिएको छैन। कृषि उत्पादनमा बिचौलियाले लिने फाइदा कटौती गरी वास्तविक किसान र उपभोक्ताको पक्षमा फाइदा दिन सक्ने गरी कार्यक्रम सञ्चालन गर्ने उत्साह सरकार र राजनीतिक नेतृत्वले देखाएका छैनन् । प्राकृतिक स्रोत-साधनमाथिको अधिकारका सम्बन्धमा सङ्घीय, प्रादेशिक र स्थानीय सरकारबीच विवाद चुलिंदै गएको छ। उत्पादनका साधनमा जनताको नियन्त्रण कायम राखी उत्पादन र उत्पादकत्व बढाएर न्यायोचित वितरण प्राणाली कायम गर्नुपर्नेमा उत्पादनको अभावमा वितरणलाई प्राथमिकता प्रदान गरिएको छ । सामाजिक सुरक्षाजस्ता अत्यावश्यक महत्त्वपूर्ण कार्यक्रमसमेत आयातित करमा आधारित हुँदै गएका छन् । साधारण खर्च अत्यधिक भई वैदेशिक सहयोग र ऋणबाट दैनिक शासन सञ्चालन गर्नुपर्ने स्थिति छ। जग्गा व्यवस्थापन समाजवादमैत्री अनुसार हुन सकेको छैन। बजार मूल्य र मजदूरले प्राप्त गर्ने पारिश्रमिकको समायोजन उपयुक्त प्रकारले गर्न नसक्दा बजार अर्थतन्त्र हाबी भएको छ, जुन समाजवादका लागि अनुकूल होइन।

आर्थिक वृद्धिका लागि आन्तरिक र वैदेशिक व्यापार दुवै अत्यन्त राम्ररी अघि बढ्नुपर्नेमा हाम्रो वैदेशिक व्यापारको घाटा अत्यन्त पीडादायक छ । लामो समयदेखिको क्षेत्रीय व्यापारसम्बन्धी रणनीतिसमेत नेपालका लागि खासै उपलब्धिमूलक हुन सकेको छैन। विकसित देशले आफ्नै नागरिकलाई रोजगारका अवसरहरू प्रदान गर्ने नीति अवलम्बन गर्दा विकासशील देशका आप्रवासी कामदारहरू गुणस्तरयुक्त रोजगार प्राप्त गर्नबाट वञ्चित भएका छन्। नेपालका उद्योग आयातित कच्चा पदार्थमा आधारित हुनु, अर्थ व्यवस्था बाह्य सहयोगमा निर्भर हुनु, औद्योगिक शहरहरू समाप्तितर्फ उन्मुख हुँदै सबै व्यापारिक नगरका रूपमा रूपान्तरित हुँदै जानु, कृषि उत्पादनमा ह्रास आउनु, सामान्य नागरिकको दैनिकी अत्यन्त असहज बन्दै जानु, ग्रामीण क्षेत्रलाई व्यापारिक केन्द्रका रूपमा रहेका शहरी क्षेत्रको सञ्जालसँग आबद्ध गराउन नसक्नु आदि समाजवादी अर्थव्यवस्थाका थप चुनौती हुन्।

देशमा भ्रष्टाचार संस्थागत भइरहेको छ। नीतिगत भ्रष्टाचारबाट देश आक्रान्त छ। एकै व्यक्ति व्यापारी र राजनीति दुवैतर्फ छाएको छ। शासनमा रहनेहरू क्षेत्रगत माफियाबाट पूर्णरूपमा नियन्त्रित भएको स्थिति छ। माफियाको स्वार्थसँग मेल नखाने विधेयकहरू संसद्बाट पारित गराउन कठिन हुँदै गएको छ । समृद्ध मुलुक निर्माणका मुख्य समस्या भनेको नै शासकको मानसिकता समाजवादी हुन नसक्नु हो । समाजवादका सम्बन्धमा मुलुकका प्रमुख राजनीतिक शक्तिहरू प्रतिबद्ध देखिएका छैनन् । शासन र सत्ताको चरित्रमैं गम्भीर प्रश्न उठेको छ। सरकारको कार्यशैली आलोचनाबाट ग्रसित छ। राज्य संरचना उपयुक्त ढङ्गको नभएको आलोचना सम्बन्धित विज्ञबाट भइराखेका छन्। ठूलो सङ्ख्यामा रहेका नेपाली युवालाई उत्पादक कार्यमा प्रयोग गर्न सकिएको छैन। समाजवादका लागि आवश्यक आधारशिला तयार नभएको मात्र होइन, यसतर्फ राज्य र शासकको ध्यान जान सकेको छैन। त्यसैले समग्र अर्थ व्यवस्थामा सुधारको आवश्यकता छ। राष्ट्रमा समाजवादी नीति र कार्यक्रम यथाशीघ्र कार्यान्वयनमा ल्याउन सम्बन्धित विज्ञको योगदान जरूरी छ । वर्तमान अवस्थामा समाजवाद नेपालमा अलपत्र परेको छ । कारोबारी, उद्यमी र लगानीकर्ताको आय, कारोबार र बजार विस्तार हुनु, सेवावस्तुको विविधीकरण हुनु खुशीको कुरा हो, त्यसलाई प्रोत्साहन पनि गर्नुपर्दछ । किनभने उनीहरूको साहस, उद्यमशीलता, नवप्रवर्तन र जोखिमसँग खेल्न सक्ने सामर्थ्यले नै अर्थतन्त्र समृद्ध हुने हो, रोजगार र उत्पादन बढ्ने हो।

राज्यकोषको आयतन बढेर सामाजिक क्षेत्रमा लगानी गर्ने सरकारको क्षमता बढ्ने हो । समृद्धि वितरणका लागि समृद्धि निर्माण हुनु पहिलो शर्त हो । त्यसैले समृद्धिको निर्माणसँगै समन्यायिक वितरण प्रणाली पनि चाहिन्छ । यही नै यो शताब्दीको समाजवादको अर्थ हो । सर्वसाधारणले बुझ्केको समाजवाद पनि यही हो । समाजवाद आर्थिक र लोकतान्त्रिक अवसरहरूको सङ्गम पनि हो। एक्काइसौं शताब्दीमा लोकतन्त्र र अर्थतन्त्रमाथि सामाजिकीकरणको माग बढेपछि समृद्धि निर्माणले मात्र पुग्दैन, समन्यायिक वितरण पनि त्यतिकै जरूरी हो भन्ने दर्शनले मान्यता पाएको छ। यसले शासन व्यवस्था र आर्थिक प्रणाली दुवैलाई जनताको तहमा अनुभूत गराउँछ । एक्काइसौं शताब्दीमा समृद्धिका साथ असमानता र अन्याय रहनुहुँदैन, समृद्धि र समन्याय सँगसँगै जानुपर्छ भन्ने मान्यता छ । समृद्धि र न्याय साथै रहेमा मात्र अर्थतन्त्रको जग सबल रहन सक्छ। यसका लागि महत्त्वपूर्ण संरचनात्मक परिवर्तन नै आजको आवश्यकता हो।

सर्वव्यापी आय र सामाजिक समृद्धि, सर्वव्यापी स्वास्थ्य र शिक्षा, सामाजिक गतिशीलता र बालबालिकामा व्यापक अवसरको प्रत्याभूतिजस्ता संयन्त्रबाट समृद्धिको निर्माण र समन्यायिक वितरण गर्न सकिन्छ। "कोही पछि नपरोस्, सबैको सम्भावनाले प्रोत्साहन पाओस्" भन्ने अभीष्ट लोकतन्त्र, सामाजिक न्याय, सुशासन, अर्थतन्त्र सबैको केन्द्रीय कार्यसूची हो र हुनु पनि पर्छ । यसतर्फ संवेदनशील नहुने राजनीति, अर्थतन्त्र र सामाजिक सङ्गठनहरू बेकार हुन् । नेपालजस्तो अल्पविकसित मुलुकले गरीबी, विपन्नता, वञ्चिती र असमानताविरुद्ध युद्धमा समृद्धिलाई सहयात्री बनाउनुपर्छ । सामर्थ्य विस्तार गर्नुपर्छ । सम न्यायिक वितरण पनि गर्नुपर्छ । जनस्तरका आर्थिक संरचना निर्माण, तिनको क्रियाशीलता विस्तार र सीपयुक्त शिक्षा एवं स्वास्थ्य सुविधाको प्रत्याभूति एकसाथ गरिनुपर्छ । शिक्षा, स्वास्थ्यलगायत सामाजिक सेवामा राज्यको पूर्ण प्रत्याभूति, आधारभूत आय र अवसरको प्रत्याभूति तथा अशक्तहरूको संरक्षण समृद्धिको रणनीति तय गरिनुपर्छ। सही अर्थमा लोकतन्त्रको वितरण र समाजवाद यही हो। लामो राजनीतिक सङ्क्रमण भएको समाजमा समृद्धि निर्माण र न्यायपूर्ण वितरणबाट नै सङ्क्रमणको व्यवस्थापन गर्न सकिन्छ। समाजमा हुर्किंदै गएको राजनीतिक वितृष्णाबाट विपन्न र युवाहरूको भविष्य सुनिश्चित गर्ने रणनीति अर्थतन्त्रको पुनःस्वरूपीकरण हो। अन्यथा एक्काइसौं शताब्दीमा पनि सीमित व्यक्तिले मात्र अवसर पाई सशक्तीकृत भई सुखी हुने र अरू सबै सीमान्तीकरणतर्फ धकेलिने खतरा रहिरहन्छ।

# दुई अर्ब लगानीमा खाद्य बैंक स्थापना

काठमाडौं, २ वैशाख/रासस

प्राङ्गारिक उत्पादनलाई जोड दिने भन्दै स्थापना गरिएको राष्ट्रिय खाद्य बैंकको कार्यालय शुभारम्भ भएको छ। 'पोषिलो आहारका लागि दिगो कृषि' भन्ने नाराका साथ केही महीनाअघि स्थापना भएको बैंकको बिहीवार केन्द्रीय कार्यालय शुभारम्भ गरिएको हो। बैंकका अध्यक्ष शङ्करनाथ उप्रेतीले कृषिमा परनिर्भरता घटाउँदै प्राङ्गारिक उत्पादनमा जोड दिने उद्देश्यका साथ बैंक स्थापना गरिएको जानकारी दिए। उनका अनुसार रु दुई अर्ब लगानीमा बैंक स्थापना गरिएको हो। बैंकमा हालसम्म ५९० प्रमोटर शेयर सदस्य छन् । उक्त सङ्ख्यालाई बढाएर एक हजारजना बनाउने तयारी भइरहेको छ। आवश्यक मापदण्ड पूरा गरी छिट्टै सर्वसाधारणका लागि आइपिओ जारी गर्नेसमेत तयारी भएको अध्यक्ष उप्रेतीले जानकारी दिए। "हामीले कृषि उपजको उत्पादन तथा व्यापार गर्ने कम्पनीका रूपमा खाद्य बैंक स्थापना भएको हो । बैंकमार्फत धान, गहुँ, मकै, तरकारी तथा फलफूलको उत्पादन तथा व्यापार गर्छौं। किसानसँग सहकार्य गर्दै उत्पादन बढाउँछौं," उनले भने।



अध्यक्ष शङ्करनाथ उप्रेती

बैंकले पहिलो चरणमा २३ जिल्लामा चालू आर्थिक वर्षभित्रै कृषि उत्पादनको काम शुरू गर्ने तयारी गरेको छ। जसका लागि तराईका विभिन्न जिल्लामा ६०० बिघा जग्गा भाडामा समेत लिइसकेको छ। जसमा कैलाली, कञ्चनपुर, बर्दिया, झापा, मोरङ, सुनसरी, धनुषा, चितवन, रूपन्देहीसहित १३ जिल्लामा जग्गा लिएर उत्पादन शुरू गरिसकेको छ भने झापा, मोरङ, सुनसरीलगायत जिल्लामा थप जग्गा लिने तयारी पूरा भएको जनाइएको छ । खाद्य बैंक स्थापना गर्नुको मुख्य उद्देश्य कृषिमा परनिर्भरता घटाउने, कृषि उत्पादन बढाउने, रोजगार बढाउने र प्राङ्गारिक उत्पादनमा जोड दिएर जनस्वास्थ्यको विषयलाई सम्बोधन गर्ने रहेको जनाइएको छ।

## बरामद............

तुरुन्तै रिकभर (पुनर्प्राप्त) गर्ने गरी थानकोट डिपोभित्र डेटा सेन्टर बनाउने तयारी गरिएको निगमको भनाइ छ।

परियोजना प्रमुख नेपालले भने, "यही सफ्टवेयरको माध्यमबाट ग्यासका उपभोक्ता, ग्राहकको पनि तथ्याङ्क (डेटा) राख्नेछौं। जसका कारण बजारमा ग्यास भएर पनि लुकाउने डिलरको विवरण थाहा हुनेछ। त्यसरी नै तेल डिपोले पनि आज कतिको तेल बेच्यो र उसको भण्डारमा कति तेल बाँकी छ र उसको भण्डारण क्षमता कति हो जस्ता कुरा पत्ता लगाउन सकिनेछ। ग्राहकले कति समयमा कति ग्यास लिएका छन् भन्ने पनि यसले देखाउँछ।"

एएसपी सफ्टवेयरलाई प्रयोगमा ल्याउन र सफल बनाउन निकै उत्साहका साथ खटिएका इन्जिनीयर नेपाल भन्छन्, "सफ्टवेयर जडानका लागि हुने खर्च एक वर्षभित्रै सफ्टवेयरले कमाउन सक्छ। अरू कैयौं झन्झटबाट मुक्त हुने त छँदैछ।"

निगमका कार्यकारी निर्देशक सुरेन्द्रकुमार पौडेलले आयल निगमलाई पूर्ण पारदर्शी, प्रभावकारी र सक्षम संस्थाका रूपमा रूपान्तरण गर्न विभिन्न सुधारका कार्यहरू भइरहेको बताउँदै निगमसँग जोडिएका सबै पक्षलाई इआरपीको प्रयोगले मदत गर्ने भएकाले यसमा सबै पक्षको सहयोग रहने विश्वास व्यक्त गरे।

यस कार्यका लागि प्रविधिको अधिक प्रयोग हुने भएकोले काम चुस्त र समयमैं हुनुका साथै प्रभावकारी हुने उनले अपेक्षा गरे। उनले अहिले प्रविधिको जमानामा कसरी सकिन्छ प्रविधिमैत्रीरूपमा छिटो र पारदर्शीरूपमा काम गर्नका लागि यो इआरपी प्रणालीले सहयोग पुऱ्याउने धारणा राखे।


## चिकित्सकहरूको विवरण

**शिशु तथा बालरोग**

| चिकित्सकको नाम | सम्पर्क नं. | आबद्ध स्वास्थ्य सेवा |
|---|---|---|
| १. डा. सागरमान अमात्य | ५२१७९६ | सर्वोत्तम अस्पताल |
| २. डा. अशोक दास | ५३४४०३ | आशाराम हस्पिटल, पानीटङ्की-१० |
| ३. डा. आनन्दकुमार झा | ०५१-५३०५२० | दसतल्ले भवनको गेटनजिक, बिर्ता |
| ४. डा. पन्नालाल पटेल | ९८५५०३४१५५ | सिद्धार्थ मेडिकल हल, नाउक्षे, वीरगंज |
| ५. डा. श्यामसुन्दर दास | | |
| ६. डा. प्रवीण सिंह | ९८११८४२९४६ | ओम शिवशक्ति पोलीक्लिनिक, बिर्ता, वीरगंज |

**नाक, कान, घाँटी तथा आँखा**

१. डा. वीरसिंह थापा ५२३२१४ निजी क्लिनिक बिर्ता
२. वीरगंज आँखा तथा दाँत अस्पताल प्रालि ०५१-५२१३९८ लिङ्करोड, घण्टाघर, वीरगंज
३. डा. अमर क्याल (किरण आँखा अस्पताल) ५२५२४४, रजतजयन्ती चोक, होटल शेखरअगाडि

**फिजिसियन**

१. डा. अरूणकुमार सिंह ९८४५११९४५५ नाउक्षेअ, निजी क्लिनिक
२. डा. राकेश तिवारी ९८११८४२९४६ ओम शिवशक्ति पोली क्लिनिक, बिर्ता, वीरगंज

**दन्त**

१. डा. सुनीलप्रताप सिंह ९८४५१८७४११ समाज डेन्टल होम
२. डा. पूनम सिंह ५२९४१५ समाज डेन्टल होम
३. डा. विजय अग्रवाल ९८०२९२१९९६ शंकरलाल केडिया दन्त अस्पताल, परवानीपुर

**हाड, जोर्नी तथा नसा विशेषज्ञ**

डा. श्यामबाबू प्रसाद एलएस न्यूरो हस्पिटल, पानीटंकी, वीरगंज ५२१५१७
डा. श्यामबाबू रौनियार ०५१-५२१९९६ साह अर्थोपेडिक क्लिनिक लाठगल्ली, वीरगंज
डा. रामाशीष ठाकुर एपोलो सेन्टर मालपोत अगाडि, बिर्ता
प्रा. (डा.) राजेन्द्रप्रसाद साह ९८०४२७१२२३ फ्रेक्चर तथा सिटी हेल्थकेयर, पानीटङ्की-१०, ब्यारेकको पूर्वपट्टि

**आयुर्वेदिक (चेकजाँच)**

डा. आर.एन. यादव ०५१-५२०६१६ पतञ्जलि आयुर्वेद, घण्टाघर दूरसञ्चारको पूर्व, वीरगंज
डा. आर.के. ठाकुर ०५१-५३४१४१ शिवम् आयुर्वेद, बसपार्क
डा. रमेश मिश्र ९८४९४१११९६ नारायणी आयुर्वेद औषधालय, बसपार्क

**फिजिसियन तथा मधुमेह विशेषज्ञ**

डा. नीरजकुमार सिंह ०५१-५२१९२१ नाउक्षे अस्पताल, वीरगंज

**प्रसूति तथा स्त्रीरोग विशेषज्ञ**

डा. तरन्नुम खातुन, ९८४५४१३८२६ आकाश मेडिकल, लिङ्करोड, घण्टाघर
डा. जगतप्रसाद दीप, ०५१-५३३८०८, ओम हस्पिटल प्रा.लि., वीरगंज
डा. रमोला साह, ९८५५०३५५६०, दसतल्ले भवनको गेटनजिक, बिर्ता, वीरगंज

**एम्बुलेन्स सेवा**

**बारा उद्योग वाणिज्य सङ्घ** जीतपुर ०५३-५२१९२०/९८४५६५६५४०
**गण्डक अस्पताल,** वीरगंज (**चौबीसै घण्टा**) ०५१ ४११०११/९८४३८३७६०२

माथि नाम लेखाउन चाहने चिकित्सकहरूले यस दैनिकको वार्षिक ग्राहक हुन जानकारी गराइन्छ।
सम्पर्कः बजार व्यवस्थापक जीतेन्द्र पटेल मोबाइल नं. ९८४५०४१७५८, ९८०७२९५०६०


# सीसा आयातकर्तालाई ८ करोड ८६ लाख जरिवाना

प्रस, परवानीपुर, २ वैशाख/

चीनबाट सीसा आयात गरी श्रीसिया सुक्खा बन्दरगाह भन्सारलाई झुक्याउन खोज्ने दुईजना आयातकर्तालाई जरिवाना गरी कारबाई गरिएको छ।

गत चैत ८ गते बालाजी ग्लास प्रालि काठमाडौंलाई रु २ करोड ५३ लाख जरिवाना गरिएको थियो भने गत साता राजधानीकै तिरुपति ग्लास उद्योगलाई रु ६ करोड ३३ लाख गरी कुल ८ करोड ८६ लाख जरिवाना गरिएको श्रीसिया सुक्खा बन्दरगाह भन्सार कार्यालयका प्रमुख भन्सार अधिकृत डा लालबहादुर खत्रीले जानकारी गराए।

श्रीसिया सुक्खा बन्दरगाह। तस्वीरः प्रतीक



डा खत्रीका अनुसार आयातकर्ताले कम मोटाइ र परिमाणमा सीसा आयात गरेको घोषणा गरेकोमा जाँचपासमा सीसाको मोटाइ र परिमाण बढी भेटिएकोले भन्सार ऐन अनुसार ५ सय प्रतिशत जरिवाना गरिएको थियो। "आयातकर्ताले घोषणामा साढे ४ एमएम मोटाइको सीसा भनेकोमा जाँचपास गर्दा ५ एमएमभन्दा बढी भेटिएको थियो," उनले भने, "त्यसैगरी, आयात गरिएकोभन्दा पनि बढी तौल भेटिएकोले कारबाई भएको हो।"

भन्सार कार्यालयका सूचना अधिकारी चूडामणि शर्मा कट्टेलले यी दुवै आयातकर्ताले घोषणापत्रमा ढाँटेका हुनाले यस घटनापछि अन्य सामानका आयातकर्ताको घोषणापत्रलाई भन्सार अधिकारीहरूले सूक्ष्म तरीकाले जाँचपास गरिरहेको बताए। उनले भन्सार कर्मचारीलाई झुक्याउने कसैलाई छुट नहुने र दोषी भेटिएको खण्डमा कारबाई हुने बताए। जरिवानाको रकमले भन्सार कार्यालयको मासिक लक्षित राजस्व सङ्कलनमा योगदान पुगेको छ।

## बरामद............

राजस्वको चेकजाँचको क्रममा कस्मेटिकलगायतका सामान नभेटिएको पाण्डेले बताए। वीरगंजबाट लोड भएर नारायणगढका लागि हिंडेको ट्रकमा अधिकांश कपडा रहेको अनसुन्धानले कार्यालयले बताएको छ। प्रहरीले ट्रक चालक बारा जीतपुरसिमरा उपमहानगरपालिका वडा नं ७ का सुरज सिंहलाई समेत राजस्वको जिम्मा लगाएको थियो। यस विषयमा पर्साका प्रहरी उपरीक्षक बेलबहादुर पाण्डेले कागजातहरू शङ्कास्पद देखिएर नियन्त्रणमा लिएर पथलैया पठाएको बताए। "हामीलाई खोलेर हेर्न अधिकार छैन, तर बिलहरू सबै शङ्कास्पद थिए," प्रउ पाण्डेले भने।

# अन्तर्राष्ट्रिय समाचार

## भारतमा १ करोड ४० लाख कोभिड सङ्क्रमित

नयाँ दिल्ली, २ वैशाख/सिन्हवा

भारतमा गत २४ घण्टामा थप २ लाखभन्दा बढी व्यक्तिमा कोरोना भाइरसको सङ्क्रमण देखिएपछि कुल सङ्क्रमितको सङ्ख्या एक करोड ४० लाख ७४ हजारभन्दा बढी पुगेको भारतको केन्द्रीय स्वास्थ्य मन्त्रालयले बिहीवार जानकारी दिएको छ।

भारतमा कोरोना भाइरस सङ्क्रमणको महामारी शुरू भएयता एक दिनमा २ लाखभन्दा बढी सङ्क्रमित हुनु बुधवार पहिलोपटक भएको समाचारमा जनाइएको छ।

यसअघि मङ्गलवार एक दिनमा १ लाख ८४ हजारभन्दा बढी व्यक्ति सङ्क्रमित भएको जनाइएको थियो।



नयाँ दिल्लीस्थित क्वारेन्टाइनमा सङ्क्रमितसँग कुरा गर्दै चिकित्सक। तस्वीरः एजेन्सी

कोरोना सङ्क्रमणबाट बुधवार एकै दिनमा एक हजार ३८ जनाको मृत्यु भएपछि यस प्रकोपबाट मृत्यु हुने व्यक्तिको सङ्ख्या १ लाख ७३ हजार नाघेको छ।

पछिल्लो केही दिनदेखि भारतमा दैनिक एक लाखभन्दा बढी सङ्क्रमित हुँदै आएका थिए भने बुधवार एकै दिनमा २ लाखभन्दा बढी मानिस सङ्क्रमित भएका हुन्। यो तथ्याङ्कले भारतमा नयाँ सङ्क्रमितहरूको सङ्ख्या दैनिकरूपमा बढ्दै गएको देखाएको छ।

भारतमा गत जनवरी १६ बाट कोरोनाविरुद्ध खोपको सुरुआत भएको थियो। सो समयदेखि हालसम्म १० करोड ५० लाखभन्दा बढी व्यक्तिले खोप लगाइसकेका छन्।

### ब्राजीलमा कोरोनाबाट मृत्यु हुने व्यक्तिको संख्या तीन लाख ६० हजार नाघ्यो

साओ पाउलो/सिनहवा

ब्राजीलमा २४ घण्टाको अवधीमा कोरोना सङ्क्रमणको कारण ३ हजार ४५९ जनाको मृत्यु भएपछि यस प्रकोपबाट ज्यान गुमाउनेको संख्या तीन लाख ६१ हजार ८८४ पुगेको छ।

सोही अवधीमा ७३ हजार ५१३ थप व्यक्तिमा कोरोना भाइरसको सङ्क्रमण भएपछि कुल सङ्क्रमितको संख्या एक करोड ३६ लाख ७३ हजार ५०७ जना पुगेको सो मन्त्रालयले जानकारी दिएको छ।

ब्राजीलको साओ पाउलो शहर कोरोना भाइरसको कारण अति प्रभावित भएको छ। यहाँ कोरोना भाइरसको महामारी शुरू भएदेखि हालसम्म २६ लाख ८६ हजार ३१ जना सङ्क्रमित भएका छन् भने सङ्क्रमणबाट ८५ हजार ४७५ जनाको मृत्यु भएको छ।

ब्राजीलमा जनवरी १७ बाट कोरोना भाइरसविरुद्ध खोप अभियान शुरू भएको थियो। सो समयबाट हालसम्म तीन करोड २१ लाख ५० हजार व्यक्ति खोप लगाएका छन्।

ब्राजीलमा गत जनवरीदेखि कोरोना नयाँ लहर देखिएको र देशका धेरै राज्यको स्वास्थ्य सेवा प्रणालीहरूमा अधिक भार परेको जनाइएको छ। रासस

## अपराधीलाई चाँडै कानूनी दायरामा ल्याइने -कानूनमन्त्री यादव

प्रस, सिराहा, २ वैशाख/

प्रदेश नं २ का आन्तरिक मामिला तथा कानूनमन्त्री ज्ञानेन्द्रकुमार यादवले लहानमा भएको हत्या र लुटपाटमा दोषीलाई कडा कारबाई गर्ने प्रतिबद्धता व्यक्त गरेका छन्। हत्या गरिएका सुनचाँदी व्यवसायी प्रदीप विश्वकर्माका परिवारजनलाई बिहीवार भेट गर्दै मन्त्री यादवले सो प्रतिबद्धता जनाएका हुन्।

बितेको शनिवार राति लुटेरा समूहको गोली प्रहारबाट सिराहाको लहान नगरपालिका-२२ निवासी सुनचाँदी व्यवसायी ४५ वर्षीय प्रदीप विश्वकर्माको ज्यान गएको थियो। मृतकका परिवारजनलाई उनीहरूको घरमा गएर भेटेका मन्त्री यादवले मृतकका परिवारलाई उचित क्षतिपूर्तिसमेत उपलब्ध गराउने बताएका छन्। "घटना असाध्यै हृदयविदारक छ, घटनाका अपराधीलाई छिटोभन्दा छिटो कानूनी दायरामा ल्याइनेछ।" घटनामा संलग्न केही व्यक्ति पक्राउ परिसकेका र अन्य फरार अपराधीहरू छिट्टै पक्राउ पर्ने उनले बताएका छन्।

सो क्रममा मृतक विश्वकर्माका परिवारजनले तत्काल अपराधीलाई पक्राउ गरी कारबाई गर्न र क्षतिपूर्ति उपलब्ध गराउन प्रदेश सरकारसँग माग गरेका छन्।


तस्वीरः फाइल

परिवारमा कमाउने एकजना मात्रै रहेकोमा उनको पनि हत्या भएपछि उनका तीनजना छोराछोरीको लालनपालन बारे चिन्ता बढेको स्थानीय बासिन्दाले बताएका छन्। तीन बालबच्चाकी आमा पनि डकैत समूहको आक्रमणबाट घाइते छिन्। उनको उपचार चलिरहेको छ।

लहान नगरपालिका-२२ गढियाचोकमा अमृता ज्वेलर्स सञ्चालन गर्दै आएका विश्वकर्माको घरको ढोका फुटाएर लुटेरा समूहले सुनचाँदीका गरगहना र नगदसहित रु २५ लाख रुपैयाँभन्दा बढीको सम्पत्ति लुटपाट गरेर लगेको छ। सो क्रममा गोली प्रहार गरी ज्वेलर्सका सञ्चालक विश्वकर्माको हत्या गरेको थियो भने उनकी पत्नी अमृता विश्वकर्मालाई समेत खुकुरी प्रहार गरी घाइते बनाएको छ।

हत्या र लुटपाटको सो घटना लगत्तै बितेको सोमवार साँझ लहान नगरपालिका-७ निवासी सुनचाँदी व्यवसायी राजेश शारडाको घरमा पनि लुटपाट भयो। पीडित शारडाको घरमा पनि बिहीवार पुगेका मन्त्री यादवले घटनाबारे जानकारी लिएका छन्। लुटेरा समूहले शारडाको परिवारका सदस्यहरूलाई हतियार देखाएर बन्धक बनाइ कारसहित गहना लुटेर लगेको थियो।

## जापानका प्रधानमन्त्री सुगा अमेरिका भ्रमणमा

टोकियो, २ वैशाख/एएफपी

जापानका प्रधानमन्त्री योशिहिडे सुगा बिहीवार चार दिने संयुक्त राज्य अमेरिका भ्रमणका लागि प्रस्थान गरेका छन्। अमेरिकी नवनिर्वाचित राष्ट्रपति जो बाइडेनसँग प्रत्यक्ष भेटवार्ता गर्ने सुगा पहिलो विदेशी सरकार प्रमुख हुन्।

प्रधानमन्त्री सुगाले ट्रम्प कार्यकालमा धरमराएको परम्परागत अमेरिकी गठबन्धनलाई पुनर्जीवित तुल्याउन तथा चीन मामिलामा साझा धारणा निर्माण गर्न मुख्यरूपमा बाइडेनसँग छलफल गर्नेछन्। अमेरिकी वरिष्ठ दुई अधिकारीले गत मार्च महीनामा जापानको भ्रमण गरेपछि प्रधानमन्त्री सुगाले अमेरिका भ्रमण गर्न लागेका हुन्।

बाइडेनसँग सुगाको भेटवार्ता शुक्रवार हुनेछ। दुई देशबीचको कूटनीतिक गतिविधिको मुख्य विषयवस्तु प्रस्ट छ, बेइजिङको सैनिक सुदृढीकरण र मानव अधिकारका मामिलामा अमेरिकी गठबन्धन एकताबद्ध रहेको सङ्केत गर्नु।

जापानी विदेश नीति इन्स्टिच्युटका अध्यक्ष कुनिहिको मियाँकेले प्रधानमन्त्री सुगाको भ्रमणलाई पूर्वी एशिया मामिलामा संयुक्त राज्य अमेरिकाले उच्च प्राथमिकता दिएको छ भन्ने सङ्केतका रूपमा जापानले बुझ्न चाहेको बताए।

चीनले पूर्वी एशियामा सैनिक उपस्थिति सुदृढ गरिरहेको भन्दै जापानले विरोध गरिरहेको छ। बाइडेन र सुगाले जारी गर्ने संयुक्त वक्तव्यमा जापान अधीनस्थ द्वीपहरूलाई सुरक्षित तुल्याउन विगतको जापान-अमेरिका सुरक्षा सन्धिको थप प्रभावकारी कार्यान्वयनमा जोड दिने अपेक्षा गरिएको छ। रासस

## हाइटीको विदेशमन्त्री अन्तरिम प्रधानमन्त्रीमा नियुक्त

मेक्सिको सिटी, २ वैशाख/सिन्हवा

हाइटीका राष्ट्रपति जोभेनेल मोइसेले बुधवार विदेशमन्त्री क्लाउड जोसेफलाई अन्तरिम प्रधानमन्त्रीमा नियुक्त गरेका छन्।

राष्ट्रपति मोइसेले प्रधानमन्त्री जोसेफ जौथेले दिएको राजीनामा स्वीकारेपछि क्लाउडलाई नियुक्ति दिएका हुन्। मोइसेले ट्वीटरमार्फत अब सार्वजनिक सुरक्षाको स्पष्ट समस्यालाई सम्बोधन गर्न सम्भव हुने र देशको राजनीतिक र संस्थागत स्थायित्वका लागि आवश्यक सहमतिमा पुग्नको लागि छलफललाई जारी राख्ने बताएका छन्।

विशेषगरी हाइटीको राजधानी पोर्ट-ओ-प्रिन्समा अपहरण र हत्याको अपराध बढिरहेको यो अवस्थामा प्रधानमन्त्री जौथे जोसेफले राजीनामा दिएका हुन्। संयुक्त राष्ट्रसङ्घ सुरक्षा परिषद्ले हाइटीमा भएका राजनीतिक र अन्य धेरै सङ्कटको बारेमा गहिरो चिन्ता व्यक्त गरेका छन्। उनले सरोकारवालाहरूलाई आफ्नो मतभिन्नतालाई हटाइ सन् २०२१ मा स्वतन्त्र, निष्पक्ष, पारदर्शी र विश्वसनीय राष्ट्रपति चुनावको तयारी गर्न आग्रहसमेत गरेका छन्।

क्यारिबियन यस देश लामो राजनीतिक गतिरोधमा फसेको छ। तर विपक्षीले सरकारसँग वार्ता गर्न अस्वीकार गर्दै आएको छ। यद्यपि विपक्षीले दुई वर्षको सङ्क्रमणकालीन सरकारको स्थापनाको माग गर्दै आएको छ। रासस

## अमेरिकाले अफगानिस्तानबाट सेना फिर्ता गर्ने

वाशिङ्टन, २ वैशाख/सिन्हवा

अमेरिकी राष्ट्रपति जो बाइडेनले अमेरिकाले आगामी सेप्टेम्बर महीनाको ११ तारिखसम्ममा अमेरिकाले अफगानिस्तानमा रहेका आफ्ना सैनिक फिर्ता ल्याउने बताएका छन्।

तर पनि अफगानिस्तानलाई सहयोग जारी राख्ने वाचा भने उनले गरेको बताइएको छ। योसँगै उनले अफगानिस्तानमा रहेको अमेरिकाको सबैभन्दा लामो समयको युद्धको अन्त्यको घोषणा पनि गरेको बताइएको छ।

बुधवार ह्वाइट हाउसमा अमेरिकी राष्ट्रपति जो बाइडेनले भने- हामीले अब अफगानिस्तानमा जारी रहेको युद्धको अन्त्यको घोषणा गरिसकेका छौं, त्यहाँ रहेका अमेरिकी सेना हामीले फिर्ता गर्ने भएका छौं।

त्यस सम्बोधनका क्रममा उनले यही मे १ तारिखदेखि नै अमेरिकी फौज फिर्ता गर्ने प्रक्रिया शुरू हुने पनि उनले बताएका थिए। समाचारमा जनाइए अनुसार सन् २००१ मा अमेरिकी हवाई हमला घोषणा गरिएको ह्वाइट हाउसको कक्षबाट उनले सो कुराको घोषणा बुधवार गरेका हुन्।

उनले भनेका थिए- यो अमेरिकाको सबैभन्दा लामो युद्ध अन्त्य गर्ने बेला हो र यसै अनुसारको निर्णय हामीले अब गरिसकेका छौं। अमेरिकाका अधिकारीहरूका अनुसार सन् २००१ को सेप्टेम्बर ११ मा अमेरिकाको वर्ल्ड ट्रेड सेन्टरमा भएको आतङ्कवादी हमलाको २०औं वार्षिकी पारेर सैनिकहरूलाई फिर्ता ल्याउन लागिएको हो।

अमेरिकी राष्ट्रपति बाइडेनको यो घोषणासँगै सेप्टेम्बर ११ अघि नै सबै अमेरिकी सैनिकले अफगानिस्तान छाड्ने भएका छन्। यतिखेर अफगानिस्तानमा नौ हजार ६०० नेटो सैनिक छन्। ती नेटो सैनिकमध्ये कम्तीमा पनि २ हजार ५०० अमेरिकी सेना छन्। तर पनि अफगानिस्तानमा रहेका अमेरिकी सैनिकको सङ्ख्या भने समय-समयमा थपघट भइरहने गर्दछ।

अमेरिकी सञ्चारमाध्यमहरूले भने अहिले अफगानिस्तानमा रहेका अमेरिकी सेनाको कुल सङ्ख्या ३ हजार ५०० को नजीक रहेको जनाएका छन्। राष्ट्रपति बाइडेनले अफगानिस्तानमा २ हजार ४८८ जना अमेरिकी सेनाको यस लामो युद्धका क्रममा निधन भएको जानकारी पनि दिएका थिए।

साथै उनले यस युद्धका क्रममा २० हजारभन्दा बढी अमेरिकी सेना घाइते भएका पनि जानकारी दिएको समाचारमा जनाइएको छ। यसबारेमा नेटोका अरू सदस्य राष्ट्रहरू र अफगानिस्तानमा हिंसा गरिरहेको तालिबान आतङ्ककारीहरूको विचार भने सार्वजनिक भएको छैन। रासस

## लोकपर्व जुडशीतल

जनकपुरधाम, २ वैशाख/रासस

मिथिलाञ्चलमा बिहीवार लोकपर्व जुडशीतल हर्षोल्लासपूर्वक मनाइयो। यस पर्वलाई विशिष्ट कृषि संस्कृति मानिएको छ। प्रकृति र स्वास्थ्यसँग सम्बन्धित यस पर्वलाई मिथिलाञ्चलमा नयाँ वर्षका रूपमा मनाइन्छ भने थारु समुदायले यसलाई सिरुवा पर्व भनी मनाउने गरेको छ। वस्तुतः दुवै पर्वको उद्देश्य सूर्यको तापबाट आकुलव्याकुल मानवलाई शीतलता प्रदान गर्नु रहेको छ।

मिथिलाञ्चल मुख्यतः कृषिप्रधान क्षेत्र भएकोले यहाँ मनाइने चाडपर्वमा कृषि संस्कृतिको प्रभाव देखिन्छ। फलतः यस पर्वमा पनि कृषि कर्मबाट उत्पादित उत्पादनको प्रयोग उदाहरणीय एवं उल्लेखनीय मानिन्छ। जुडशीतलमा रहेका दुई पद जुड र शीतल कल्याणसँग सम्बन्धित रहेको छ। जुडले आशीर्वादको भावमा जुराउनु र शीतलले शीतलताको अर्थ दिन्छ अर्थात् शीतलता प्रदान गर्नु नै जुडशीतल हो।

यस पर्वमा जेठाले आफूभन्दा सानाको टाउकोमा हत्केलामा पानी लिई आशीर्वाद सूचक भावले शीतलता प्रदान होस् भन्ने गर्दछन्। यस क्रममा मैथिल एकाबिहानै उठेर आफ्ना परिवार र सामुहिकरूपले आफन्तलाई आशीर्वाद दिने चलन रहेको छ। यस पर्वमा शीतलताको कामना सूर्यको कडा तापविरुद्ध हुन्छ। वैशाखदेखि सूर्यको ताप वृद्धि हुने गरेका कारण यस पर्वमा मानव मात्रको कल्याण नभई रुखबिरुवाका लागि पनि शीतलताको कामना गरिन्छ। यसका साथै घरका दैलामा तथा घरको बीचमा रहेको खम्बालाई पनि जुराउने गरिन्छ। यस दिन चुलो पनि जुराउने भएकाले चुलोमा आगो बालिदैन।

त्यस्तै, पशुपक्षी, लतावृक्ष, बोटबिरुवाका साथै घर-गृहस्थीका सबै वस्तु सन्दुक, आलमारी, बाकस, पलङ, कुर्सी, टेबुल, कुचो, जाँतो, ढिकी ओखल, मुसल, सिलौटा, लोढा, सवारी साधनमाथि पानी जुराउने गरिन्छ। त्यस्तै, यस पर्वमा गाउँका इनार तथा कुवाको जीर्णोद्धार पनि गरिन्छ। यसमा जीउभरि हिलो दल्ने परम्परा पनि रहेको छ। मल र हिलोसँग मानव शरीरको सृष्टि भएको तथ्यलाई यस पर्वले निरन्तरता दिंदै आएको देखिन्छ। जीउभरि हिलो दल्नुलाई प्राकृतिक चिकित्सामा पङ्क स्नानको महत्त्व रहेको छ। ग्रीष्मको प्रचण्ड तापले सम्भावित रोगको निदानका सन्दर्भमा पङ्क स्नानको प्रथा शुरू भएको बताइन्छ।

जुडशीतलमा खानपानको पनि आफ्नो खास परम्परा छ। यस पर्वका बारेमा भनिन्छ- एक सालको खाना अर्को सालमा खानुपर्छ। त्यसैले यसमा राति पकाइएको खाना भोलिपल्ट खाने चलन छ। यस पर्वमा तरुवा, बरी (बेसनको व्यञ्जन), दही विशेष प्रकारले खाइन्छ। जुडशीतलमा कुलदेवतालाई बासी भात, दही, मीठा र आँपको टिकुलाको नैवेद्य चढाइने गरिन्छ। त्यस्तै, चिल चरा तथा स्याललाई पनि नैवेद्य दिने चलन छ। चिलका लागि नैवेद्यलाई छानामाथि राखिने गरिन्छ भने स्यालका लागि घरदेखि बाहिर लगेर राखिदिने गरिन्छ। यस पर्वमा कतिपय स्थानमा पहलमानीको आयोजना र चङ्गा प्रतियोगिता पनि गरिने परम्परा रहेको छ।


### रानीघाट-पोखरिया बस समिति

भिस्वा- बिहान ७:४० बजे
भिस्वा- बिहान १०:०० बजे
भिस्वा- मध्याह्न १२:०० बजे
भिस्वा- दिउँसो १:३० बजे
दसौता- दिउँसो २:३० बजे
सेढवा- दिउँसो ३ बजे
देउरिया- दिउँसो ३:१५ बजे
भिस्वा- दिउँसो ३:४० बजे

### लोकसेवाको तयारी

निजामती सेवाः शाखा अधिकृत, प्राविधिक सहायक (प्रा.स.), नायब सुब्बा, महिला विकास निरीक्षक, खरिदार, अमिन (सर्वेक्षक), विद्यालय निरीक्षक, कृषि तथा भेटेनरी जेटिए)
शिक्षक सेवाः माध्यमिक तह, निमावि तह, प्राथमिक तह, टिचिङ लाइसेन्स, त्रि.वि. सेवा आयोगका विभिन्न तह
ACHIEVERS INSTITUTE
Birgunj-8, Panitanki (Near Decimal College)
9823389488, 9865415634, 9811299300


### District Administration Office, Parsa

**Invitation for Sealed Quotation**

Sealed Quotation No: 01/077/78
Date of first Publication: 2078-01-03 BS (2021-04-16 AD)

1. The District Administration Office invites sealed quotations from registered Suppliers for the supply, delivery and installation of Procurement of disaster relief and rescue materials.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of District Administration Office, Parsa, Birgunj, (Telephone: 051522450, and email address: daoparsa1@gmail.com)
3. A complete set of Bidding Documents may be purchased from the office District Administration Office,Parsa,birgunj (Office Code: 314922201) by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee of NRs. 1000.00 (Revenue Title No.: 14229, Account No.: 1000200010000, Name of Bank for Revenue: Rastriya banijaya bank, shakha karyalay birgunj) till 2078-01-17 BS (2021-04-30 AD) during office hours.
4. Sealed bids must be submitted to the District Administration Office,Parsa Birgunj by hand on or before 12:00 noon on 2078-01-18 BS (2021-05-01 AD). Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 13:00 hours on 2078-01-18 BS (2021-05-01 AD) at the District Administration Office, Parsa,birgunj (Office Code: 314922201). Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security amounting to a minimum of NRs. 47,000/-, which shall be valid for 30 days beyond the validity period of the bid i.e. 2078-03-30 BS (2021-07-14 AD). If bidder wishes to submit the Cash Security, the cash should be deposited in Deposit Account No. 1250100102030000 at Rastriya banijaya bank, shakha karyalay birgunj and submit the receipt of the deposited amount of cash along with the Sealed Quotation.
6. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
7. The Purchaser reserves the right to accept or reject, wholly or partly any or all the Sealed Quotations without assigning any reason, whatsoever.

